# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ४ वैशाख २०८०

# सोमवार

# बैठक सङ्ख्या- १७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०३ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब म राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा "पार्वती" लाई "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१३:०४ बजे)** **राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय श्री दिल कुमारी रावल थापा "पार्वती"**:- सम्माननीय अध्यक्ष महोदय, संसद नागरिकको प्रतिनिधिको आधारमा कानुन निर्माण र सरकारका नियमित एवम् आकस्मिक काम कारबाहीको निरन्तर निगरानी, अनुगमन, सहजीकरण र मार्गदर्शन गर्दै आवश्यक परे नियन्त्रणसमेत गर्ने निकाय हो । राष्ट्रिय सभामा विषयगत समिति गठन भएपश्चात् २०७५ साल साउन २२ गते यस समितिको पहिलो बैठक बसेको थियो । समितिले आर्थिक वर्ष २०७५/०७६, आर्थिक वर्ष २०७६/०७७, आर्थिक वर्ष २०७७/०७८ र आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन राष्ट्रिय सभामा

पेस भइसकेको छ । समितिले सभामा पेस गरेका प्रतिवेदनहरूमध्ये आ.व. ०७५/०७६, आ.व. ०७६/०७७ र आ.व. ०७७/०७८ का वार्षिक प्रतिवेदन कार्यान्वयन भए, नभएको अनुगमन एवम् मूल्याङ्कन गरी सोको प्रतिवेदन राष्ट्रिय सभामा पेस गर्ने प्रयोजनको लागि समितिले मन्त्रालय, आयोग तथा निकायमा दिएको निर्देशनको कार्यान्वयनको अवस्था, निर्देशन कार्यान्वयन नभएको भए सोको कारण, कार्यान्वयनका लागि गरिएका प्रयास समेटी विवरण उपलब्ध गराउनका लागि पत्राचार गरिएको थियो । निर्देशन दिएका निकायहरूबाट प्राप्त निर्देशन कार्यान्वयनको अवस्थाको जानकारी, सम्बन्धित विभागीय माननीय मन्त्रीज्यू, सम्बद्ध पदाधिकारी, विज्ञहरूसँग भएका छलफल, राष्ट्रिय गौरवका आयोजनाहरूको स्थलगत अनुगमन, समितिका अन्तरक्रिया र समितिका सदस्यहरूबिच भएको छलफलको निष्कर्ष समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिले वार्षिक प्रतिवेदनको कार्यान्वयन अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन, २०७९ राष्ट्रिय सभामा पेस भइसकेको छ । समितिले निर्देशनको कार्यान्वयनको अवस्था, निर्देशन कार्यान्वयनमा देखिएका समस्या र कारणको पहिचान गरी प्रभावकारी कार्यान्वयनको लागि सुझाव तथा सिफारिस उक्त प्रतिवेदनमा समेटेको छ ।

सम्माननीय अध्यक्ष महोदय, हालसम्म समितिले दिएका निर्देशन कार्यान्वयन भए, नभएको बारेमा समिति आफै गम्भीर बनेको छ । साथै संसदीय समिति निर्देशन केवल नैतिक बन्धन मात्र होइन यो कानुनी बाध्यता पनि हो भन्ने कुराको अनुभूति दिलाउने कानुनी व्यवस्थाको अपरिहार्यता रहेको यस समितिको ठहर गरेको कुरा सम्माननीय अध्यक्षज्यूमार्फत यस सभासमक्ष निवेदन गर्दछु । समितिले मिति २०७५ साउन २२ देखि ०७८ असार ३१ सम्म ३ ओटा वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारका १५ ओटा मन्त्रालयमा ७ ओटा संवैधानिक आयोग र राष्ट्रिय पुनर्निर्माण प्राधिकारणलाई महत्त्वपूर्ण निर्देशन दियो । सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ४३ बुँदा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई २७ बुँदा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई २२ बुँदा तुलनात्मक रूपमा बढी निर्देशन दिएको थियो भने अन्य निकायलाई ४८ ओटा बुँदामा निर्देशन दिइएको थियो । विषयगत रूपमा कर्मचारी समायोजन, राज्यको तिनै तहका बिच कानुन निर्माण, योजना छनोट तथा बजेट विनियोजनमा समन्वय र सहकार्य गर्न, राष्ट्रिय गौरवका आयोजना, पिछडिएको क्षेत्र, कोभिड-१९ को सङ्क्रमण रोकथाम, पहिचान, निदान, उपचार नियन्त्रण तथा खोप व्यवस्थापन, अन्य संवैधानिक आयोगहरू, प्राकृतिक प्रकोप, बजार अनुगमन, यातायात व्यवस्थापन, भूकम्पबाट भत्किएका संरचनाको पुनर्निर्माणलगायतका जनसरोकारका विषयमा नेपाल सरकार सम्बन्धित निकायलाई निर्देशन दिएको थियो । कोभिड-१९ सङ्क्रमण, रोकथाम, निदान, उपचार नियन्त्रण

तथा खोप व्यवस्थापनसँग सम्बन्धित निर्देशन धेरै कार्यान्वयन भएको थियो भने दोस्रो अन्तराष्ट्रिय विमानस्थल, निजगढ, बुढीगण्डकी जलविद्युत् आयोजना सञ्चालनसँग सम्बन्धित निर्देशनहरू पटक पटक ताकेता गर्दा पनि कार्यान्वयन भएको छैन । कार्यान्वयनको चरणमा रहेका कतिपय निर्देशनहरू आंशिक मात्र कार्यान्वयन भएको देखिन्छ ।

समितिले १४० ओटा बुँदामा दिएको निर्देशनमध्ये ७० ओटा बुँदामा दिएको निर्देशन अथवा ५० प्रतिशत निर्देशन आंशिक कार्यान्वयन भएको र ती निर्देशन पूरा कार्यान्वयन नभए पनि कार्यान्वयनको चरणमा रहेको देखियो त्यसै गरी समितिले ५४ ओटा बुँदामा दिएका निर्देशन अथवा ३८.६ प्रतिशत निर्देशन कार्यान्वयन भई यसबाट सरकारका कामलाई सहजीकरण भएको देखिन्छ । कार्यान्वयन भएका निर्देशनहरूमध्ये केही निर्देशन ढिलो कार्यान्वयन भएको अवस्था छ । १६ ओटा बुँदामा दिएको निर्देशनहरू अथवा ११.४ प्रतिशत निर्देशन सरकारले कार्यान्वयन नगरेको देखिन्छ । म यसमा थप स्पष्ट पार्न चाहन्छु कतिपय निर्देशनहरू चाहिँ कार्यान्वयनको सुरुआत भा'को छ । यसको पूर्णता पाएको देखिँदैन । जस्तैः हामीले बुढीगण्डकी जलविद्युत् आयोजनाको सन्दर्भमा त्यहाँ जग्गा मुआब्जा वितरणको समस्या देखिएको थियो । स्थानीय मान्छेलाई यही समितिमा उपलब्ध गराएर सम्बन्धित मन्त्रालय मन्त्रीज्यूसँग छलफल गरेका थियौं । त्यसका निर्णयहरू सँगसँगै त्यो मोडालिटी, त्यो जलविद्युत् आयोजना कुन मोडालिटीमा सरकारले सञ्चालन गर्दै छ । त्यो तत्काल जानकारी हामीले माग गरेका थियौं । त्यो हालसम्मन आएको छैन ।

त्यस्तै गरेर कर्मचारी समायोजन, जब कर्मचारी समायोजनको प्रक्रिया अगाडि सरकारले बढायो । कर्मचारी आन्दोलित भइसकेपछि सिंहदरबार घेर्ने स्थिति बनेको थियो । तत्कालीन अवस्था प्रधानमन्त्री कार्यालय घेर्ने अवस्थामा पुगेको कर्मचारीहरूको आन्दोलनलाई एउटा समन्वय गर्ने सहकार्य गर्ने हिसाबले समिति, तत्कालीन सामान्य प्रशासन मन्त्री र कर्मचारी सम्बद्ध संस्थाहरूलाई हामीले बोलाएर एउटा समन्वय गर्ने हिसाबले संघीय निजामती ऐन जारी गरी सबै कुरा चाहिँ हामी समाधान गर्ने हिसाबले तत्कालीन समायोजन जानको लागि हामीले तृपक्षीय समायोजनको अथवा सहजीकरणको काम गरेका थियौं तर संघीय निजामती ऐन संसदमा आयो । तर त्यसले पूर्णता पाउन सकेन, त्यसैले हामीले जारी गरेको निर्देशन के सुरुआत भा'को छ । सुरुआत त्यसले पूर्णता नपाउँदा त्यसको कामले अन्तिम निष्कर्ष ननिस्किँदा फेरि त्यसले निर्णय कार्यान्वयनमा समस्याहरू देखिएको पनि म जानकारी गराउँछु । थुप्रै विषयमा हामीले त्यसरी चाहिँ निर्देशनको सुरुआत भा'को छ । सरकारले त्यसलाई पूर्णता दिनतर्फ ध्यान दिएको छैन । अरू कानुन निर्माणका सन्दर्भमा पनि धेरै कुराहरू चाहिँ त्यसो भइरहेको देखिन्छ ।

समितिको वार्षिक प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन नहुनुमा समितिले पहिचान गरेका समस्या र कारणहरू पनि म प्रस्तुत गर्न चाहन्छु ।

- समितिहरूबिच सम्बन्धित विषयमा दोहोरोपना अन्तरसम्बन्धित विषयका उचित समन्वयविना एउटै विषयमा विभिन्न समितिले फरक फरक निर्देशनसमेत दिने गरेको हुँदा कार्यान्वयनमा द्विविधा अलमल भएको र सरकारले आफूलाई सहज हुने निर्देशन कार्यान्वयन गर्ने गरेको छ भने कतिपय अवस्थामा यस्ता कारणले निर्णय कार्यान्वयनलाई सरकार पन्छिने गरेको देखिन्छ । हामीसँग संघीय संसदमा १६ ओटा समिति छन् । ती १६ ओटा समिति कतिपय समिति दुइटा समितिहरूको बिचमा कार्यक्षेत्र पनि दोहोरोपना देखिने गर्छ । तर हाम्रो अहिलेसम्मनको अभ्यास संयुक्त बैठक बस्ने, संयुक्त अनुगमन जाने, संयुक्त प्रतिवेदन दिने संस्कार नबसेको हुँदा आआफ्नै ढङ्गले निर्देशन दिँदाखेरि सरकारलाई यो दोहोरो तेहेरो निर्देशन आ'को छ भनेर सरकार त्यो निर्देशन कार्यान्वयन नगर्ने गर्दा पनि जुन सहज छ त्यो कार्यान्वयन गर्ने खालका स्थिति पनि निर्देशन कार्य समितिका निर्देशन कार्यान्वयनमा समस्या देखिएको छ ।
- समितिले दिएको केही निर्देशन कार्यान्वयनमा ठुलो मात्रामा आर्थिक स्रोत, जनशक्ति अध्ययन आवश्यक पर्ने तथा निर्देशन प्राप्त गर्ने निकायहरूले शीर्षकगत रूपमा बजेट छुट्याइसक्ने भएको हुनाले थप बजेट नहुँदा निर्देशन पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको पनि देखिएको छ ।
- समितिले विस्तृत तथा गहन अध्ययन गरी दिएको दीर्घकालीन असर पुर्याउने किसिमका निर्देशनसमेत सरकार उदासीनताका कारणपूर्ण कार्यान्वयन नभएको पाइएको छ ।
- संसदीय समितिले गरेको निर्णय तथा समितिले दिएको निर्देशन तथा सुझावहरू मन्त्रालय तथा निकायहरूको कार्यान्वयन गरी सोकार्यान्वयन हुन नसकेमा त्यसको कारणसहितको जानकारी स्वतः स्फूर्त रूपमा सभा तथा संसदीय समितिमा दिनुपर्नेमा समितिले पटक पटक ताकेता गर्दासमेत पूर्ण विवरण नआउने यो समस्या हामीले भोग्नुपरेको छ ।
- समितिले दिएको निर्देशनको प्रगतिको अभिलेख राख्न तथा समितिसँग सम्पर्कमा रहनका लागि मन्त्रालयमा जिम्मेवार अधिकृत तोक्ने प्रचलन नहुँदा निर्देशन दिने

निकाय र निर्देशन कार्यान्वयन गर्ने निकायबिच समन्वय कमजोर रहेको, संस्थागत सम्झना इन्स्टिच्युसनल मेमोरी कायम हुन नसकेको देखिन्छ ।

- समितिले सरकारलाई दिने निर्देशन र निर्देशन कार्यान्वयन सम्वन्धमा विज्ञहरूको राय सल्लाहको लागि विज्ञ सम्मिलित संरचना थिङ्क ट्याङ्क बनाउन नसकिएको कारण अध्ययन अनुसन्धानमा आधारित भएर निर्देशन दिन र निर्देशन कार्यान्वयनमा समस्या हुने गरेको देखिन्छ ।
- निर्देशन कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको लागि पर्याप्त स्रोत साधन, जनशक्ति, सूचना तथा तथ्याङ्कको कमी रहेको छ ।

समितिका निर्देशन प्रभावकारी रूपमा कार्यान्वयनको लागि समितिले केही सुझाव र सिफारिसहरू प्रस्तुत गरेको छ ।

- समितिहरूको निर्णय एकरूप कायम गर्न अन्तरसम्वन्धित विषयमा एक आपसमा उचित समन्वय गरी निर्देशन दिने परम्परा अवलम्बन गर्नुपर्ने साथै अन्तरसम्बन्धित विषयमा संयुक्त बैठक, संयुक्त अनुगमन गरी निर्देशन दिनुपर्ने ।
- समितिले निर्देशनप्रति अपनत्व सिर्जना गर्न निर्देशन कार्यान्वयन गर्ने निकायसँगको समन्वयमा अवस्था र क्षमताको सिमितताको ख्याल गरी निर्देशन दिने प्रचलनलाई थप व्यवस्थित बनाइनुपर्ने ।
- निर्देशन कार्यान्वयन भए नभएको विषयको प्रगति विवरणसहित नियमित रूपमा निर्देशन कार्यान्वयन गर्ने निकायले समितिमा पठाउने र सो उक्त विषयमा आवश्यक छलफल संस्कार र अभ्यास विकास गर्नुपर्ने ।
- समितिले दिएको निर्देशनको थप आर्थिक दायित्व सिर्जना गर्ने भएमा निर्देशन कार्यान्वयन गर्ने निकायलाई थप बजेटको व्यवस्था गर्नका लागि पनि सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने ।
- मन्त्रालय, निकाय तथा परियोजना जिम्मेवार पदाधिकारीको छिटो छिटो एकदमै छिछो छिटो सरुवा हुने अभ्यासलाई निरुत्साहित गरी निश्चित मापदण्डका आधारमा सरुवा हुने ब्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्ने ।
- हामीले राष्ट्रिय गौरवका आयोजनाका सन्दर्भमा छलफल गरिरहँदा दुई महिनाअगाडि एउटा आयोजना प्रमुखलाई बोलाउछौं । दुई महिनापछि अर्को त्यसको फलोअप गर्नपर्यो भने अर्को कर्मचारी आयोजना प्रमुख परिवर्तन भइसक्ने फेरि सुरुबाटै छलफल गर्नुपर्ने खालको स्थिति पनि समितिले बेहोर्नुपरेको छ ।

- समितिले सरकारलाई दिने निर्देशन र निर्देशन कार्यान्वयन सम्वन्धमा विज्ञहरूको राय सल्लाहको लागि संघीय संसद सचिवालय संसदीय समितिहरूको कार्यक्षेत्रसँग सम्बन्धित विषयका विज्ञहरूको रोष्टर तयार गर्ने, अद्यावधिक गराउने र आवश्यकताअनुसार विषय विज्ञको सेवा समितिले लिने व्यवस्था गर्न विज्ञ सम्मिलित संरचना थिङ्क ट्याङ्क बनाउनुपर्ने देखिन्छ ।
- समितिले दिएका निर्देशन कार्यान्वयनको लागि तालुक निकायहरूले मातहतका निकायलाई कार्ययोजनासहित निर्देशन कार्यान्वयनको लागि पठाउने व्यवस्था गर्नुपर्ने ।
- समितिले दिएको निर्देशन कार्यान्वयन अन्तरमन्त्रालय समन्वय आवश्यक भएर समितिले अन्तरमन्त्रालयमा समन्वयको लागि सहजीकरण गरी समिति छलफल गरी निर्देशन दिने व्यवस्था मिलाउन पर्ने । कतिपय सवालमा सरकारसँग सम्बन्धित मन्त्रालय छलफल गर्दा अनौपचारिक पनि छलफल गर्नुपर्ने हुन्छ । तर अहिले हाम्रो अनौपचारिक छलफल गर्ने त्यो अभ्यास एकदमै कमजोर त्यति रुचि पनि सम्बन्धित निकायले नदेखाएको पाएका छौं ।
- समितिले कारबाहीलाई प्रविधि मैत्री बनाउन आम नागरिकको पहुँचमा पुर्याउनुपर्ने देखिन्छ ।
- मन्त्रालय र संसद हेर्ने डेस्क राख्नुपर्ने यो विषय पनि हामीले धेरै छलफल गरेका थियौं र हामीले पटक पटक मन्त्री तथा सचिवलाई भेट्न नसक्ने अवस्थामा त्यो विषयमा त्यो मन्त्रालयभित्र त्यो संसद हेर्ने डेस्क हुँदाखेरि एउटा कर्मचारीमार्फत हामीले सूचनाहरू नियमित रूपमा सूचना लिने दिने सक्ने त्यो सामान्य एउटा व्यवस्था नहुँदाखेरि हामीले मन्त्रीज्यू अथवा सचिवज्यूहरूलाई समयमा भेट्न नसक्दाखेरि चाहिँ सूचनाहरूको ग्याप हुने यो परिस्थिति पनि समितिले चाहिँ भोग्नुपरेको छ ।

सम्माननीय अध्यक्ष महोदय, समिति कार्यान्वयन नभएका केही निर्देशनहरू जस्तैः संघीय निजामती सेवा विधेयक पेस गर्न, स्थानीय तथा प्रदेशमा आवश्यक कर्मचारी कमी नहुने गरी व्यवस्थापन गर्न, दीर्घकालीन रूपमा काठमाण्डौं उपत्यका फोहोर व्यवस्थापन गर्न, साझा अधिकार सूचीसम्बन्धी कानुन निर्माण गर्न, राष्ट्रिय प्राथमिकता तथा आयोजनाको द्रुततर निर्माण तथा विकाससम्बन्धी विधेयक पेस गर्न, भौतिक पूर्वाधार विकास गर्नुभन्दा पहिले भौगर्भिक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायको अनुमति लिने व्यवस्था कार्यान्वयन गर्न, काठमाडौं तराई- मधेस दुर्तमार्ग आयोजनाको खोकना क्षेत्रको जग्गा अधिग्रहण विवाद समाधान गर्न, सक्रिय रूपमा निरन्तर बजार अनुगमन गर्न, सर्वसाधारणले थाहा पाउने गरी पशुपतिनाथको

भेटी तथा अन्य सम्पत्ति सार्वजनिक गर्न जग्गाको भाडा समयानुकूल पुनः मूल्याङ्कन गर्न समितिले निर्देशन कार्यान्वयन गर्न तदारुकतासाथ नेपाल सरकारलाई माग गर्द छ ।

सम्माननीय अध्यक्ष महोदय, हामीले तीनओटा वार्षिक प्रतिवेदनको चाहिँ हामीले जारी गरेको निर्देशनको कार्यान्वयनको अवस्था के छ भन्नेर एकदमै महत्त्वपूर्ण ढङ्गले विभिन्न निकायसँग छलफल गरेर प्राप्त हामीले यो प्रतिवेदन सभामा छलफल गरेका छौं ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७, ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१३:१७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र २०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र २०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन, २०७९ माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ५ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रामचन्द्र राई ।

**(१३:१८ बजे)** **<u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभामा राष्ट्रिय सरोकार तथा समन्वय समितिले सुरुको वर्षदेखि, जहिलेको वर्षदेखि यो समिति बन्यो । सुरुको वर्षदेखि उसले आफ्नो कार्यक्षेत्रभित्र परेको राष्ट्रिय गौरवका आयोजनालगायतका अरू क्षेत्रमा पिछडिएको क्षेत्र भेगलगायतका कामहरूमा यो तीन तहको सरकारबिचको समन्वय, सहकार्य र समन्वयको सन्दर्भमा पनि यसले गम्भीर रूपमा छलफल गर्यो । आवश्यक पर्दाखेरि स्थानीय तहमा पनि गएर सम्बन्धित निकायमा समेत गएर पनि यसले छलफल गरीकन समस्याहरूलाई स्विकृत गर्यो । त्यो समस्याहरूलाई समाधान गर्ने र राष्ट्रिय आवश्यकतालाई पूरा गर्ने गरी सरकारलाई यो गर भनेर जे कुरा समस्याहरू आए त्यसको समाधानका लागि सरकारलाई सुझाव दियौं । तर आजका मितिसम्म पनि केही केही सन्दर्भमा जस्तो: कोभिडको सन्दर्भमा केही काम गरेको देखियो । चाडपर्वको बेलामा यातायातका साधनहरूलाई सुगम गर्ने सन्दर्भमा पनि केही काम गरेको देखियो भने बाँकी कुनै कुरामा अहिलेसम्म पनि कुनै त्यस्तो नतिजा आउने गरी उसले काम गरेको देखिँदैन । मैले यो सन्दर्भमा भन्न चाहेको कुरा के हो भने राष्ट्रिय गौरवका आयोजनाहरू बने यसको सुरु वर्ष र अन्तिम वर्ष पनि उल्लेख गरियो तर त्यसलाई भेट्ने गरी पूरा गर्ने गरी कहिले पनि काम गरिएन अर्थात म एउटा उदाहरण भनिहालौं । चुरे संरक्षण ४४ राष्ट्रपति चुरे संरक्षणलाई २०७४ मा २०७४ मा गुरु योजना बन्यो र यसलाई बिस वर्ष गुरु योजनामा दुई खर्ब झन्डै पचास अर्बको लागतमा यसले आफ्नो कार्य योजना काम सम्पन्न गर्छ भनेर भनियो । तर आज पाँच वर्ष बित्यो । पाँच वर्षमा यसलाई छुट्याएको बजेट र उसले गरेको खर्च चाहिँ बाह्र अर्ब मात्रै हो । बिस वर्षमा उसले दुई खर्ब पचास अर्ब खर्च गर्ने गरी योजना बनायो । तर अहिलेसम्म उसले प्राप्त गरेको रकम बाह्र अर्ब मात्र हो । र त्यसको मात्रै कार्यान्वयन भएको छ ।

त्यसै गरी बुढीगण्डकी र यो दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल हाम्रो गेम चेन्जर प्रोग्रामर हो भनेर सरकारले, राज्यले अनभूत गर्यो । र त्यसलाई चाँडो सम्पन्न गर्न पर्छ भनेर उसले यसलाई राष्ट्रिय गौरवको आयोजनामा राखेर काम पनि अगाडि बढायो । तर आजका मितिसम्म पनि त्यो दुइटा आयोजनाको मोडालिटी कसो गरी गर्ने भन्ने मोडालिटीको टुङ्गोसम्म नगरेको कारणले गर्दाखेरि आज झन्डै सात आठ वर्ष भयो अहिलेसम्म त्यसले कुनै निकास पाउन सकेको छैन ।

त्यसै गरी फास ट्र्याकमा अगि पनि माननीय सभापति, यो समितिको सभापतिले पनि राखिसक्नुभाको' छ । फास्ट ट्र्याकले हाम्रो नेपालको आवगमन मात्रै हैन मालवस्तु ढुवानी गर्न कुरासमेतमा पनि यो तराई र पाहड, तराई र काठमाडौंलाई जोडने भनेर फास्ट ट्र्याकको

परिकल्पना गरियो । यो गेम चेन्जर आयोजना हो । यसको आजका मितिसम्म पनि हामीले सुरुको दिनदेखि भनेको खोकनाको जग्गाको विवाद छ । खोकना र बुङ्गमतीको जग्गाको विवाद छ । झन्डै तीन सय रोपनी जग्गा जति जग्गा बाँकी त्यसको चाहिँ मुअब्जा दिन बाँकी छ । त्यसको विवाद सुल्ट्याऊ भनेर हामीले ०७६ कै चाहिँ ०७६ मा पनि सिफारिस गर्यौं । आजका मितिसम्म पनि त्यसको काम अगाडि बढेको छैन र त्यसले वास्ता गरिरहेको छैन ।

त्यसै गरी अहिले यसले एघारओटा चेनेजमा आफ्नो कामलाई विभक्त गरीकन काम गरेको छ भने दुइओटा ठाउँको रेखाङ्कन परिवर्तन गरेको छ । र त्यो परिवर्तन गर्नको लागि भनेर सरकारलाई उसले प्रस्ताव पेस गरेको छ । अहिलेसम्म पनि त्यसलाई सरकारले कुनै निकास दिने गरी काम गरेको छैन । यसलाई कहिलेसम्म गर्छ? र त्यसलाई पनि हामीले गरेका छौं ।

त्यसै गरी मैले, हामीले, हाम्रो समितिले तीन तहको सरकारबिचको सहकार्य, समन्वय र सहअस्तित्त्वको यो सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल मन्त्र हो र हाम्रो संविधानको मूल मन्त्र हो । यसलाई कार्यान्वयन गर्न यसमा भएका यी कुराहरू समन्वय र सहकार्य नहुँदाखेरि तीनै तहको सरकारहरू ठिक ढङ्गले चल्न सकेको छैन । भनेर यस यी, यी कमी कमजोरीहरू छन् है भनेर भन्यौं त्यसको पनि काम हुन सकेन ।

अन्त्यमा मैले के भन्छु भन्दाखेरि अन्तरमन्त्रालयको समन्वय भएन, अन्तरमन्त्रालय समन्वय गर र यी कामहरूलाई सहजताको साथ छिटो अगाडि लैजाऊ भनेर भनेको अन्तरमन्त्रालय समन्वयको काम पनि यसले गरिरहेको छैन । कहिले गर्छ? यी सबै कुराहरू, जवाफ पाऊँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सोनाम गेल्जेन शेर्पा ।

**(१३:२३ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्ष महोदय, यो राष्ट्रिय सरोकार तथा समन्वय समितिले जुन किसिमले प्रतिवेदन ल्या'को छ, यसको लागि म समितिका सभापतिज्यूलगायत सम्पूर्ण सदस्यहरूमा धन्यवाद ज्ञापन गर्दछु । र हामी एउटा संसदमा चैं, संसदप्रति चैं सरकार उत्तरदायी हुनुपर्ने र विशेष गरी यो समितिहरू संसद, एउटा मिनी संसद पनि भन्ने गरिन्छ । त्यसमा छलफल गरेर ल्याएका प्रतिवेदनहरू हुन्छन् । ती प्रतिवेदनमा सरकार जुन किसिमले गम्भीर हुनुपर्ने हो त्यस्तो खालको गम्भीर देखेन । हामीले बोलाउँछौं संसदमा, त्यो मिनी संसदमा बोलाउँछौं, मन्त्रीहरू बोलाउँछौं,

सचिवहरू बोलाउँछौं । उहाँहरू पनि गहन रूपमा प्रस्तुत हुन नचाहने र जरो टार्ने एउटा चैं प्रक्रिया, यसलाई प्रक्रियाको रूपमा चैं अगाडि बढाउने र त्यसलाई अलिकति सिरएस्ली नलिने देखियो । त्यसमा पनि अलिकति यो संसदको ध्यान जान पर्ने देखिन्छ । म सभामुखमार्फत नेपाल सरकारको ध्यान आकर्षण गर्न चाहन्छु ।

र अर्को यो हाम्रो जुन किसिमका योजनाहरू छन्, योजनाहरूमा एउटा कुरा के छ भन्दाखेरि यो व्यवस्थापनको प्रक्रिया नै अलिक जटिल र अलिकति जरो टार्ने खालको छ । मुआब्जाहरू छ, मुआब्जाहरू दिने गरिन्छ । यो अब जस्तैः कुनै ठाउँमा मुआब्जाहरू दिनुपर्यो भने यो खोकना पनि मुआब्जाको कुरा भो', के भो'? कति ठाउँमा त पहिला नै मुआब्जा दिइसकेको हुन्छ, दिइसकेपछि पनि त्यसलाई, त्यो मुआब्जा दिइसकेका जग्गाहरूलाई सरकारको स्वामित्वमा ल्याइने गर्रिँदैन । र बिस, तिस वर्षपछि मुआब्जा पाइसकेपछि पनि उनीहरूले त्यो मुआब्जाको विषयमा फेरि आन्दोलन गर्ने, के गर्ने? र सरकारले मुआब्जा दियसकेपछि त्यो जग्गाको स्वामित्व सरकारमा चैं तत्काल ल्याउनुपर्ने देखिन्छ । त्यसो नगरेको खण्डमा चैं अब पन्ध्र, बिस वर्ष अर्को समस्या समाधान नहुने र त्यो मुआब्जा दिइसकेको जग्गालाई मुआब्जा पनि दिइसक्यो तर पछि त्यसलाई फेरि त्यो मुआब्जा दश, पन्ध्र वर्षपछि त्यही मुआब्जा बढेको देखेर फेरि त्यो मुआब्जा पा'कोहरूले पनि आन्दोलन गर्ने त्यो परिपाटी देखिरा' छ । त्यसले गर्दा पनि अलिकति समस्या, यो योजनाहरूको समस्या आइराको छ ।

अब अर्कोतर्फ यो निजगढ एयरपोर्टको विषयमा पनि हामीले वर्षौं वर्ष कुरा गरिसक्यौं । यसमा सरकारको स्पष्ट धारणा आउन सकेको छैन । निजगढ एयरपोर्ट के भन्ने? सर्वोच्च अदालतले एउटा डिसिजन गर्या छ । वातावरणीय प्रभावलाई मूल्याङ्कन गर्दै वातावरणमा प्रतिकूल असर नपर्ने गरी अर्को ठाउँमा चैं निर्माण गर्नु भनेर सर्वोच्च अदालतको चैं डिसिजन छ । तर अहिलेसम्म सरकारले चैं स्पष्ट रूपमा कहाँ बनाउने? के गर्ने? भन्ने विषयमा पनि सरकार स्पष्ट हुन सकेको छैन । त्यसतर्फ पनि यो म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । र निजगढ एयरपोर्ट मात्रै नभईकन हामीले जुन किसिमले यो भैरवा एयरपोर्ट बनायौं, पोखरा एयरपोर्ट बनायौं त्यो एयरपोर्टलाई कसरी चैं दिगो व्यवस्थापन गर्ने भन्ने त्यता पनि सरकारले सोच्न जरुरी छ ।

अब यहाँ त कस्तो भइदियो भने कुनै एउटा नेतृत्वको सरकारले बनायो र अहिले आएर त्यो विषयमा पनि त्यो एयरपोर्टलाई कसरी फेलिएर बनाउन सकिन्छ, त्यो पहिला सरकारले गरेका योजनाहरूलाई कसरी फेलिएर बनाउने सकिन्छ भने अहिले आएर चैं त्यसको सस्टेनको पाटोक कुरा गर्ने, त्यसलाई चैं दिगो हुन सक्दैन भन्ने कुरा गर्ने । दिगो सरकारले बनाउनुपर्यो ।

सरकारले भैरवा एयरपोर्टलाई चैं नि राम्रोसँग चलाउने हो भने त्यहाँ श्रम स्वीकृतिदेखि लिएर सबै कुरो व्यवस्थापन के गर्न सकिन्छ त्यसलाई प्रभाव पार्ने सरकारी निकायहरू कस्ता कस्ता निकायहरू छन्? त्यहाँ कसरी चैं स्थापना गर्न सकिन्छ? त्यहाँ व्यपारिक संस्थाहरूलाई कसरी इस्टयाब्लिस गर्न सकिन्छ? त्यो एयरपोर्टको छेउमा डेभलप गरेर त्यो एयरपोर्टहरूलाई चैं संस्थागत गर्ने र दिगो गराउनेतिर सरकारको ध्यान जानुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

त्यसै गरी पशुपति क्षेत्रको चैं जुन किसिमको समस्या छ, पशुपति क्षेत्र विकास कोषमा जुन किसिमको समस्याहरू छ, त्यहाँ मारवाडी सेवा समितिले एउटा धर्मशाला स्थापन गरेको छ । त्यो धर्मशालाबाट चैं कसरी त्यो एग्रिमेन्ट भ'को छ? के भ'को छ? त्योतर्फ पनि सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । र जुन किसिमले गुठी संस्थान र पशुपति क्षेत्र विकास कोषबिच विवाद छ र सम्पूर्ण जग्गाहरू गुठी संस्थानको स्वामित्वमा रहेको पशुपति क्षेत्रको र गुठी संस्थान र पशुपति क्षेत्रभित्र पनि त्यहाँ चैं समस्या भ'को हुनाले त्यो समस्यालाई चैं निराकरण गर्नलाई सरकारले पहलकदमी गर्नुपर्यो भन्ने मेरो धारणा छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपी बहादुर सार्की आछामी ।

**(१३:२७ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सरोकार तथा समन्वय समितिको तर्फबाट जुन प्रतिवेदन पेस भएको छ । म समितिका माननीय सभापतिज्यू र सबै साथीहरूलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु ।

हामीले समितिको तर्फबाट थुप्रै योजनासँग सम्बन्धित विशेष गरेर राष्ट्रिय गौरवका आयोजना र तहगत हिसाबले चाहिँ आएका अरू समस्यासँग पनि सम्बन्धित विषयहरूमा चाहिँ अध्ययन, अनुसन्धान र चाहिँ छलफल गरीकन प्रतिवेदन पेस गरेका छौँ । र पटक पटक सरकारका सम्बन्धित निकायहरू, माननीय मन्त्रीज्यूहरू, आयोजनाका प्रमुखज्यूहरू र सबै तहका स्थानीय तहसम्मका निकायका प्रमुखज्यूहरूलाई जसरी हामीले निर्देशन दिएका छौँ र कतिपय निर्देशनहरू कार्यान्वयन भएका छन् । ती कार्यान्वयन भएका निर्देशनहरू जसरी अगाडि बढिराखेका छन् । त्यसप्रति म फेरि नेपाल सरकारलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

त्यसै गरी केही समस्याहरू छन् त्यहाँ जस्तैः निजगढको विषयमा, विमानस्थलको विषयमा अगि माननीयज्यूले पनि र समितिको सभापतिज्यूले पनि त्यहाँ विषय राख्ने क्रममा व्यक्त

गरिसक्नुभ'को छ । त्यसको मोडालिटी र विशेष गरी चाहिँ रुख कटानसँग सम्बन्धित समस्या छ । त्यसमा सरकारले विशेष ध्यान दिनु जरुरी छ भन्ने विषय म राख्न चाहन्छु ।

दोस्रो कुरा फास्ट ट्र्याक । फास्ट ट्र्याकको चाहिँ त्यही मुअब्जासँग चाहिँ सम्बन्धित विषय हो । त्यसलाई अहिलेसम्म हल गर्न सकिराखेको छैन र त्यो अलि विवादित पनि बनिराखेको छ । त्यसले त्यो कामलाई अवरोध गरेको कारणले गर्दाखेरि त्यसलाई पनि छिटै कार्यान्वयनमा ल्याउन जरुरी छ भन्ने र अर्को बुढीगण्डकीको चाहिँ अहिलेसम्म मोडालिटी कै विषय अगि माननीयज्यूहरूले भन्या जस्तै मोडालिटी विषय नटुङ्गिएर समस्या परिराखेको छ । त्यसमा पनि सरकारको विशेष ध्यान जाओस् ।

अब सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित हामीले दिएका निर्देशनहरू नमुना कानुन बनाइनुपर्छ र त्यसलाई कार्यान्वयनमा लान पर्छ भनेर भनेका थियौं । त्यो चिज लागुभा'को छ । अब त्यसमा बाँकी भनेको चाहिँ कति संविधानसँग सम्बन्धित बाझिएका ऐन, कानुनहरू नबन्दाखेरि सङ्घीयता कार्यान्वयनलाई प्रभावकारीता बनाउन सकिएको छैन । व्यवस्थित गर्न सकिएको छैन । त्यसमा नेपाल सरकारले विशेष ध्यान दिएर चाहिँ अगाडि बढ्न जरुरी छ तर यो विशेष गरेर चाहिँ सङ्घीयता कार्यान्वयन र त्यसलाई प्रभावकारी बनाउने विषय भनेको चाहिँ वित्तीय सङ्घीयता कै विषय हो । यो वित्तीय सङ्घीतामा चाहिँ स्थानीय तहको, प्रदेशको र सङ्घको चाहिँ समान खालको चाहिँ दायित्व हुने, उत्तरदायित्व हुने । तर अब चाहिँ प्राकृतिक स्रोत साधनसँग सम्बन्धित, राजस्वसँग सम्बन्धित, स्रोत परिचालनसँग सम्बन्धित रोयलटी र चाहिँ अरू विषयसँग चाहिँ सम्बन्धित यो अधिकारसँग सम्बन्धित विषय चाहिँ नटुङ्गिँदा र कानुनी व्यवस्था नहुँदाखेरि सङ्घीयता कार्यान्वयनलाई हामीले मजबुद बनाउन सकिराखेका छैनौं ।

बजार अनुगमन कै विषय चाहिँ यो चाडवार्डमा चाहिँ हामीले सरकारको अलिकति चाहिँ ध्यान केन्द्रित गर्यौं । त्यो हल भएको थियो तर अहिले पनि यो कालोबजारी चाहिँ कायमै छ बजारमा । उपभोक्ता ठगिने उत्पादक र उपभोक्ता ठगिने काम चाहिँ भइराखेको छ । त्यसलाई अनुगमनलाई अझै व्यवस्थित गरेर त्यसलाई निरन्तर अगाडि बढाउनुपर्छ भन्ने लाग्दछ ।

अर्को समस्या के छ भने हामीले चाहिँ समयमै समितिको तर्फबाट चाहिँ सम्बन्धित आयोजना प्रमुख मन्त्रालय र सम्बन्धित निकायलाई त्यहाँको चाहिँ रिपोर्ट, प्रतिवेदन माग गरेर पठाइराखेका हुन्छौं । तर समयमा त्यसको रिपोर्ट, प्रतिवेदन नआउने चुनौती बने, त्यो समस्या भनी हामीसँग छ । र त्यसलाई व्यवस्थित ढङ्गले चाहिँ आउने खालको चाहिँ वातावरण नेपाल सरकारले बनाउनुपर्दछ ।

अर्को चाहिँ यो आयोजना प्रमुखहरूको चाहिँ छिटो छिटो अदली बदली हुँदाखेरि चाहिँ त्यहाँ काम चाहिँ प्रभावकारी हुन सकिराखेको छैन । त्यो आयोजना प्रमुखहरूलाई जिम्मेवार बनाउनको निम्ति पुरस्कार र दण्डको व्यवस्था गर्ने एक । दोस्रो कुरा चाहिँ आयोजना प्रमुखहरूलाई चाहिँ आफ्नो समयसम्म चाहिँ काम गर्ने वातावरण बनाइदियो भने सजिलो हुन्छ । अनुगमनको लागि सरकारले चाहिँ अलि प्रभावकारी खालको अनुगमन कमिटी बनाएर चाहिँ त्यसलाई कार्यान्वयनलाई व्यवस्थित गरेर चाहिँ जान जरुरी छ । र यो विषयमा चाहिँ नेपाल सरकारको चाहिँ ध्यान जाओस् भन्ने विषय राख्दै मेरो भनाइ अन्त्य गर्छु । हवस् त, नमस्ते ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जयन्ती देवी राई ।

**(१३:३२ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सरोकार समितिद्वारा प्रस्तुत प्रतिवेदनमा जुन छलफल भइरहँदा हामीले यो जुन तीन तीन पटक चैं यो प्रतिवेदन पेस भइसकेको छ । र माननीयज्यूहरूले भन्नुभएजस्तै धेरै समस्याहरूको बारेमा चैं छलफल भ'को छ र सम्बन्धित निकायहरूलाई, सरकारका प्रतिनिधिहरूलाई हामीले बोलाएर पटक पटक निर्देशन पनि दिएका छौं । र केही कामहरू भएका पनि छन् । अब प्रतिवेदनहरू, जुन हामीले मागेका डकुमेन्टहरू अब समयमा केही आएका छन् तर धेरै आएका छैनन् । र यो निर्देशनहरू अहिले पनि हामीले जुन अपेक्षा गरेको, जुन स्पिरिटमा हामीले जुन काम गर्न खोजेको त्यो हुन सकेको छैन । त्यसकारणले म जुन यो राष्ट्रिय गौरवको योजनाहरू जहाँ जुन बेला यसको आवश्यकतालाई महसुस गरियो, घोषणा गरियो तर पनि हामीलाई कस्तो लाग्यो भने यसको चुनौती र यसको सम्भाव्यतालाई त्यति बेला राम्ररी ख्याल नगरी हामीले घोषणा गर्यो हो कि? हाम्रो वर्षौंपिच्छे चैं यति धेरै पैसा गइरहेको छ । तर त्यसको प्रतिफल चैं हामीले प्राप्ति गर्न सकिरहेका छैनौं । विभिन्न किसिमको समस्याहरू पैदा भइरहेको छ, त्यो सम्पन्न गर्नुभन्दा पनि ।

अब यो सङ्घीयता कार्यान्वयन गर्ने सम्बन्धमा हामीले पटक पटक अब अनुगमन पनि गर्यौ छौं । त्यहाँ अब तीनै तहको सरकार कसरी सञ्चालन गर्ने र उनीहरूको बिचमा कसरी समन्वय गर्ने भन्ने सन्दर्भ, त्यो निकै चुनौतीको विषय बनेको छ । र एकले अर्कालाई चैं अब आफ्नो अधिकारको निम्ति लडाइँ गर्नुपर्ने स्थिति र अहिले पनि केन्द्रीकृत नै राज्यसत्ता छ भनेर तलकाहरूले महसुस गर्नुपर्ने स्थिति बनेको छ । त्यसो भ'को हुनाले यो चैं अब यो सङ्घीयता नै पो गलत हो कि भन्ने किसिमको तिर पनि एउटा मान्छेहरूको बुझाइ भइरहेको छ । त्यो

कारणले पनि एउटा ऐन, कानुन बनाउने सन्दर्भमा चैं सरकारको ध्यान जानुपर्दछ भन्न म चाहन्छु ।

र अर्को कुरा भन्या चैं जस्तै अब यो अरू राष्ट्रिय यो गौरवको योजनाको सन्दर्भमा त माननीयज्यूहरूले राखेको कुरामा म एकदमै सहमत छु । जस्तैः एमसीसी, जुन एमसीसीको सन्दर्भमा हामीले संसदबाट पारित गर्दाखेरि नै यो बाह्र बुँदे चैं एउटा व्याख्यात्मक टिप्पणीको आधारमा पारित गरिएको हो । तर पनि यसको के हुँदै छ? यसको जानकारी चैं आज संसदले फेरि पनि पाउने अधिकार, हक छ कि छैन? र सरकारले त्यो जानकारी दिनुपर्छ कि पर्दैन? र अहिले त्यो योजना सञ्चालन भइसकेको छ । र सञ्चालन पनि कसरी भ'को छ भन्दाखेरि अहिले पाँच पोइन्ट मलाई लाग्छ सन्तानब्बे प्रतिशत त्यो योजना अहिलेको त्यसको चैं सम्पन्न भएको छ । र एकदम धेरै चुनौती कि पाँच वर्षभित्रमा चैं यदि यो सम्पन्न गर्न सकिएन भने त्यो योजना चैं फेरि सरकारतिरै फर्कने र सरकारले नै फेरि त्यो योजनालाई चैं अब त्यसले सम्पन्न गर्नुपर्छ भन्ने कुरा भएको कारणले यसको बारेमा चैं एकदमै धेरै सरकार गम्भीर बन्न पर्ने अवस्था छ भन्न म चाहन्छु ।

र जस्तै त्यतिबेला हामीले यो फोहोर मैला व्यवस्थापनकै सन्दर्भमा पनि धेरै निर्देशनहरू दिइसकेको थियो समितिले । अहिले पनि भन्नुहुन्छ भने अब सिंहदरबारजस्तो ठाउँमा पनि अहिले त्यो व्यवस्थापन हुन सकेको छैन । यसका यावत् थुप्रै समस्याहरू छ र यो नगरपालिकादेखि लिएर चैं प्रदेश कुन कुन निकायहरू अब यसमा चैं अब राखेर कुरा गर्न पर्ने हो? र त्यो उनीहरूबिचमा कसरी छलफल गरेर समाधान गर्नुपर्ने हो? यस बारे पनि म अब हाम्रो यो राष्ट्रिय सभा जुन अध्यक्षमार्फत यो सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय अनिता देवकोटा ।

**(१३:३६ बजे) माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत राष्ट्रिय सरोकार समितिलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । समितिका सभापति र समितिका माननीयज्यूहरूलाई । राष्ट्रिय सरोकार समितिमा आफ्नो कार्यक्षेत्रमा रहेका राष्ट्रिय गौरवका आयोजना र त्यस कार्य कार्यक्षेत्रका क्षेत्रका हरेक कार्ययोजनाअन्तर्गत काम गरेका कामहरू सम्बन्धित मन्त्रालय र अन्तरमन्त्रालय लाइन एजेन्सीहरूसँग छलफल गरेर निर्देशन दिने काम भयो । निर्देशन दिने काम भएर त्यो प्रतिवेदन सदनसमक्ष प्रस्तुत भयो । सदनसमक्ष प्रस्तुत भइसकेपछि पनि ती निर्देशनहरू सरकारले कार्यान्वयन नगरेको अवस्थामा फेरि

अत्यन्त महत्त्वका साथ विश्लेषण गरेर समस्या गरेर सम्बन्धित निकायलाई बोलाएर मिनी पार्लियामेन्टमा समितिमा छलफल बनाएर यो निर्देशनहरू प्रभावकारी रूपले कार्यान्वयन भयो भने हाम्रा आयोजनाहरू समयमै सम्पन्न हुन्छन् भन्ने चिन्ता र चासो व्यक्त गरेर जुन राष्ट्रिय सभाको नियमावली प्रदत्त गरेको अधिकार हो । पहिले प्रतिवेदन बुझाउने प्रतिवेदनमा सरकारलाई निर्देशन दिने सरकारले त्यो काम गरे नगरेको फेरि समीक्षा गरेर । फेरि सरकारलाई पुनः यसबाट त्यस विषयमा छलफल गराएर ध्यान आकर्षण गराएर अझ जिम्मेवार बनाउनको लागि यो राष्ट्रिय सरोकार समितिले अत्यन्त महत्त्वपूर्ण काम गरेको छ । यसको लागि म हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

र सम्माननीय अध्यक्षज्यू, म निवेदन गर्न चाहन्छु । राष्ट्रिय गौरवका आयोजनाहरू हामीले भन्ने, राष्ट्रिय गौरवका आयोजनाहरू नामाकरण गर्ने ती आयोजनाहरू ५ वर्षमा सकिने भन्ने ५/१०/१५ वर्ष हुँदासम्म पनि ती आयोजनाहरू लथालिङ्ग हुने यो अत्यन्त विरक्ति लाग्दो अत्यन्त दुःख लाग्दो अवस्था छ । सरकारले के कति आयोजनाहरू सम्पन्न गर्न सकिँदैन भन्ने? जग्गाको कुरा जग्गाको मुआब्जाका कुरा अथवा वन क्षेत्रका कुरा नदीजन्य कुराहरू, अथवा बाटोको कुराहरू यी कुराहरू यदि गर्न सकिँदैन भने त्यसलाई राष्ट्रिय गौरवको आयोजनाहरू नाम नभनौं । यदि गर्न सकिन्छ भने राष्ट्रिय गौरवका आयोजनालाई कुनै पनि उसले नछेक्ने गरेर नीतिगत रूपमा निर्णय गरेर, वनले अनि कहाँ कहाँ हुन्छ उसको जोडिने कुराहरू नछेक्ने गरेर राष्ट्रिय गौरवका आयोजनाहरू छिटो छरितो रूपमा सम्पन्न गर्ने कुराहरूमा सबैको ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ । त्यतातर्फ सरकारको ध्यान नगएको मलाई लाग्छ राष्ट्रिय गौरवका आयोजना भन्ने नै आफू आयो । सरकार आयो राष्ट्रिय गौरवको नामाकरण गर्‍यो । अनि एउटा एउटा राष्ट्रिय गौरवका आयोजनाहरू शिलान्यास भयो भन्ने मात्र भयो भनेर यसले खास उपलब्धि दिन सक्दैन । त्यसैले म सरकारसँग निवेदन गर्न चाहन्छु र राष्ट्रिय गौरवका आयोजनाहरूलाई समयमै सम्पन्न गर्नको लागि कहाँ कहाँ समस्या छन् । कहाँ कहाँ त्यसलाई समाधान गर्न सकिन्छ । अन्तरमन्त्रालयअन्तर्गतको समन्वयको आवश्यक छ । लाइन एजेन्सीहरूसँग समन्वयको आवश्यक छ । त्यो सरकारले गरोस् ।

अर्को कुराः हामी तहगत संरचनाको कुरा यो राष्ट्रिय सरोकार समितिले ती क्षेत्र पनि हेर्छ । तहगत संरचनाका कुराहरूमा पनि अहिले स्थानीय तह, प्रदेश र सङ्घ छ । सङ्घले प्रदेशको अधिकार मिच्यो भन्ने, प्रदेशले स्थानीय तहको अधिकार मिच्यो भन्ने एकले अर्कालाई अत्यन्त सङ्कीर्ण रूपमा हेरिरा'को अवस्थामा छ । त्यसैले साझा सूची, एकल सूची समयमै अब यो विधेयक अधिवेशन हो हामीले भनेका छौं । हामीले कतिओटा विधेयक हामीले पास गर्‍यौं ।

यसैमा भर पर्छ । त्यसैले म निवेदन गर्न चाहन्छु । साझा सूची, एकल सूची, प्राकृतिक स्रोत साधनको बाँडफाँट आदि कुराहरू समयमै हामीले व्यवस्थापन गर्न सक्यौं भने निश्चय पनि समस्याको समाधान हुन्छ । त्यतातर्फ सरकारको ध्यान गा'को छैन । जस्तैः बुढीगण्डकी राष्ट्रिय गौरवका आयोजना अझसम्म पनि मोडारिटीको कुराहरू छैन । यो फोर लाइन नाकाको टुकुचेको बस्ती सार्ने अर्को तिरबाट लाने भनेर त्यहाँ त्यहाँको ऊले जसले ठेक्का लियो उसले पनि भन्या छ । तर ती कुराहरू पनि अझ फेरि सम्पन्न हुन सक्या छैन ।

त्यसकारणले म के निवेदन गर्न चाहन्छु भने भएका आयोजनाहरूलाई अन्तरमन्त्रालयअन्तर्गतै समन्वय नहुनु भन्ने कुरा अत्यन्तै लाज मर्दो कुर भो' त्यसैले हामी यो समन्वय, सहकार्य, सहअस्तित्वको कुरा गर्छौं । संविधानमा लिपिबद्ध छन् तर हामी हाम्रो मन्त्रालयभित्रको अन्तरसम्बन्ध सुधार्न सक्दैनौं भने अनि हामीले अरू के गर्न सक्छौं । त्यसैले सरकारले यो राष्ट्रिय गौरवको आयोजना र स्थानीय तह, प्रदेश यो तहगत संरचनाहरूलाई भएका अधिकारहरूलाई र राष्ट्रिय सरोकार समितिले दिएका निर्देशनहरूलाई पूर्ण रूपमा पालना गर्ने गरोस्, सरकारले आफ्नो काम अगाडि बढाओस् भनेर म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय खिमलाल देवकोटा ।

(१३ः४१ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**ः- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम सरोकार समितिको माननीय सभापतिज्यूलाई बधाई पनि छ । सिङ्गो समितिका सदस्यज्यूहरू र कर्मचारी सचिवसहित सबैलाई । एकदमै मेहनत गरेर रिपोर्ट बनाउनुभा' छ । मैले सरसर्ती रिपोर्ट पूरै पनि पढें पनि र अलिकति समितिको कार्यक्षेत्रको कुरा गरेर आउँछु । यो अलिकति सरोकारको कुराहरू National affects का कुराहरू भए कतिपय । दैनिक सरोकारका विषयहरूमा छलफल गर्नुपर्छ । त्यो आफ्नो ठाउँमा छँदै छ । कतिपय अब अन्तरतह सम्बन्धमा कुराहरू पनि छ । र अन्तरतह सम्बन्धमा सेरिज अझ कतिपय कर्मचारी समायोजनलगायतका कुराहरू, प्रहरीलगायतका कुराहरूमा कतिपय छलफल भा' छ समितिले । कतिपय समितिले दिएका निर्देशनहरू कार्यान्वयन नभा'का कुराहरूमा कतिपय म अलिकति समय भो' भने यसको निष्कर्ष र सुझावको कुराहरूमा पनि मैले कलिकति केही कुराहरू राख्छु ।

र सबभन्दा पहिला सम्माननीय अध्यक्ष महोदय, र अहिले हामी यही अन्तरतह सम्बन्धमा कुरा गर्दाखेरि तहगत अन्तरसम्बन्धका कुरा गर्दाखेरि चाहिँ मलाई के लाग्छ भने अहिले पनि

स्थानीय तह र प्रदेशले सरकारको अनुभूति गर्न चाहिँ पा'का छैनन् । हाम्रो संविधानले निश्चित रूपमा स्थानीयलाई पनि सरकार भन्छ । प्रदेशलाई पनि सकार भन्छ । तर सरकारको अनुभूति अहिले पनि केन्द्रीकृत सोँच र मानसिकता यो केन्द्रीय तहमा छ । नेपाल सरकारमा मैले त्यो पाएको छु । त्यो मैले देखेको छु । त्यसकारण स्थानीय तह, प्रदेश भनेका माथिका एउटा प्रशासनीक इकाइ हुन । विकेन्द्रीकरण इकाइ हुन भन्ने खालको सोच मानसिकता अहिले पनि छ । स्थानीय तहमा अहिले हामीले सिङ्गो कतिपय गा.वि.स. लाई वडा बनायौं । अहिले कतिपय अधिकाङ्‌श वडाहरूमा वडा सचिव छैन । अब दुई सयदेखि लिएर अढाइसय पालिकासम्ममा निमित्तको भरमा कर्मचारी चलाएर, राखेको अवस्था छ । एउटा पाटो यो ।

अर्को यो अझ स्थानीय तहको त अब सेवा व्यवस्थापन सम्बन्धमा एउटा सङ्घीय ढाँचा कानुन मापदण्ड बनाउनुपर्छ  भनेर स्थानीय सरकार सञ्चालन ऐनमा लेखेको छ । त्यो पनि अहिलेसम्म बनाइएको अवस्था छैन । प्रदेशको कुरा गर्यो भने त अहिलेसम्म यस्तो मलाई लाग्छ । अझ विडम्बनै भन्नुपर्छ । एउटा निर्लजत्तै भन्नुपर्छ । अहिलेसम्म पाँच वर्षसम्म एउटा साइकल हामीले पूरा गरिसकौं । प्रदेशमा अहिलेसम्म हामीले प्रदेशको एकल अधिकार प्रहरीको शान्ति सुरक्षा र प्रहरीको अहिलेसम्म हामीले समायोजन गर्न सक्या छैनौं । र मलाई के लाग्छ भने अगिल्लो सरकारको जुन Common minimum program मैले हेरैं Common minimum program मा एथासक्य चाँडै प्रहरी समायोजन गरिने छ भनेर लेखिएको थियो भने । अहिलेको Common minimum program मा त अहिले के भन्या छ भने सरकारले पूर्णता पाएको छ महिनाभित्र भन्या छ । अब मलाई के लाग्छ अब यसले गर्दाखेरि सरकारको नियतमा अलिकति खोट छ कि जस्तो मलाई लागेको छ । यो पाटो ।

अर्को कतिपय त्यो वित्तीय हस्तान्तरणका कुराहरू, राजस्व बाँडफाँटको कुराहरूको Natural Resource को बाँडफाँटको कुराहरूमा इभन सवारी साधनको बाँडफाँटमा पनि समस्या देखिएको छ भनेर महालेखाको प्रतिवेदनमा अहिले पनि आ'को छ । त्यो कुरा भयो । कतिपय एउटा निजामतीसम्बन्धी कानुन अहिलेसम्म हामीले ल्याउन सकेनौं । यहाँ हाम्रो माननीय सञ्चार मन्त्रीज्यू पनि हुनुहुन्छ । उहाँ आफै पनि त्यो राज्य व्यवस्था समितिमा हुनुहुन्थ्यो । त्यो राज्य व्यवस्था समितिमा यति हामीले छलफल गर्यौं कि त्यो र राज्य व्यवस्था समितिले छलफल गरिसकेर फेरि सरकारले फिर्ता लियो । त्यो अहिलेसम्म ल्याउन सकिराखेको छैन । भनेपछि जब कर्मचारीसम्बन्धी कानुन ल्याउन सक्दैन, प्रहरी समायोजन गर्न सक्दैन भनेपछि सरकारको नियतमा मैले खोट देखेको छु । एउटा पाटो यो भयो । यसमा त्यसकारण अलिकति तल

स्थानीय र प्रदेशलाई सरकारको अनुभूति दिने वातावरण बनाइन पर्यो । यो रिपोर्टमा यी कुराहरू परेको छ । मैले यो समितिको सभापतिलाई धन्यवाद पनि दिन चाहन्छु ।

अर्को कुराहरूः समितिको सिफारिसको कुराहरू गर्दाखेरि ३८ दशमलव ६ जिरो प्रतिशत सिफारिसहरू कार्यान्वयन भ'को छ भन्ने कुराहरू आ'को छ । मलाई के लाग्छ भने अहिले संसद सचिवालयले गरेको अध्ययनमा १५ देखि २५ प्रतिशतसम्म मात्रै सिफारिसहरू कार्यान्वयन गरिएको भन्ने कुराहरू आ'को छ । त्यो आफ्नो आफ्नो ठाउँमा होला । किनभने हरेक समितिहरूको कतिपय समितिले त अब १० प्रतिशत, १५ प्रतिशत, २० प्रतिशतभन्दा बढी सिफारिस कार्यान्वयन भा' को छैन भन्ने कुराहरू आ'को छ ।

एउटा कुरा सँगसँगै अहिले मैले महालेखाको प्रतिवेदनको एउटा हेरैं त्यहाँ प्रधानमन्त्री कार्यालयले पनि कतिपय मन्त्रालयगत रूपमा कतिपय अनुगमन गर्दो र'छ । अनुगमन गर्ने एउटा अनुगमन प्रणाली एउटा सिस्टमै र'छ । त्यो सिस्टममा हेर्दाखेरि उसले त्यही १२ सय १३ ओटा Activity को अनुगमन गर्दाखेरि ३७ दशमलव ३४ प्रतिशत मात्रै कार्यान्वयन भा'को भनेर ३७ प्रतिशत कार्यान्वयन भ'को भनेर प्रधानमन्त्री कार्यालयको हवला दिएर Reference मानेर महालेखाले रिपोर्ट लेखेको छ भनेपछि यो समितिले करिब करिब ३९ प्रतिशत कार्यान्वयन भ'को भनेपछि यो पाटो चैं राम्रो छ । कतिपय राम्रो कुरालाई हामीले राम्रो पनि भन्नुपर्ने हुन्छ । यो पक्ष चाहिँ मलाई राम्रो पनि लाग्यो ।

अब अलिकति मैले सिफारिसहरूको कुराहरू आउँछ । सिफारिस चाहिँ कस्तो भयो भने अलि जेनेरल खालको छ । किन स्पेसिफिक सिफारिसहरू भ'को भए अलि राम्रो पनि हुन्थ्यो । जेनेरल किन भने होलिस्टिक खालको सबै समिति, समितिका फङ्सनहरू डुप्लिकेसन भए निर्देशनहरू कार्यान्वयन भएन कतिपय खालमा विषय विज्ञता भ'का कर्मचारीहरू पनि भएनन् । कतिपय मन्त्रालयमा संसद हेर्ने एउटा डेस्क पनि राख्नुपर्यो भन्नेलगायतका कतिपय सिफारिसहरू छन् । यो आफ्नो ठाउँमा छ । तर मेरो एउटा प्रस्ताव छ । सम्माननीय अध्यक्ष महोदय, हामी कहाँ संसदमा रिसर्च डिभिजन छ । रिसर्च डिभिजनमा त्यहाँ सचिवको दरबन्दी छ । सचिवले हेर्नुहुन्छ । त्यो रिसर्च डिभिजन कामविहीन अवस्थामा छ । .....(समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय तुलसा कुमारी दाहाल ।

**(१३:४६ बजे)** <u>**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- .....(आवाज नसुनिएको) । अनुगमन मूल्याङ्कन प्रतिवेदन पेस गरेको छ राष्ट्रिय सरोकार तथा समन्वय

समितिले । र तीन वर्षका प्रतिवेदन पेस गरिरहँदा कार्यान्वयन नभइसकेपछि यो मूल्याङ्कनको रूपमा जुन आएको छ र यो महत्त्वपूर्ण छ । म समितिलाई धन्यवाद पनि भन्न चाहन्छु । राष्ट्रिय गौरवका आयोजनाहरू कार्यान्वयनका लागि अन्तरमन्त्रालयको समन्वयको अभाव देखिन्छ । जसले गर्दा काममा ढिलाइ भइरहेको छ । र यो कहिलेसम्म पूरा हुन्छ? र सरकारको यसमा के सोच छ? म जवाफको आशा गर्दछु ।

कोभिड बढ्दो अवस्थामा छ । र यो बढ्दो अवस्थाको कोभिडको लागि चैं सरकारले के योजना बनाइरहेको छ? र विद्यमान कानुनले चैं औषधि खरिद गर्न, खोप ल्याउन नयाँ प्रविधिको प्रयोग गर्न पनि कठिनाइ भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कहाँ र के गर्दैछ? यसको पनि जवाफ पाउँ । र बिरामीहरू बढ्न थालेका छन् । यसको लागि चैं के छ? र अर्को कुरो यो काठमाडौंलाई चैं विश्वको प्रदूषित सहरको पहिलो सहरको रूपमा चैं सूचीकृत गरिएको छ । यसको बारेमा पनि हामीले सोच्नुपर्ने हुन्छ होला । र स्वास्थ्य प्रविधि चैं महङ्गो अवस्थामा बढिरहेको छ ।

र समितिले अहिले जे कुरा अगाडि सारेर ल्याएको छ, यो समितिले ल्याएका कुराहरूमा कार्यान्वयनको लागि चैं अध्ययन गर्न आवश्यक छ र समितिले ल्याएका कुराहरूमा सुनकोशी-मरिन डाइभर्सन, बहुउद्देश्य आयोजना, काठमाडौं-तराई/मधेस द्रुतमार्ग, रानीजमरा कुलरिया सिँचाइ आयोजना र कर्णालीको गमगढी नाम्चा सडको अवस्था चैं कहिलेसम्म पूरा हुन्छ? यो आयोजना चैं लम्बिने र तन्किने अवस्थामा छ र कर्णाली लोकमार्ग आयोजना अस्तव्यस्त अवस्थामा रहेको छ । यसमा सरकारको ध्यान गएको छ कि छैन? भनेर म प्रश्न गर्न चाहन्छु ।

र यो सरकारले पहिलो अधिवेशनमै केही प्रतिबद्धताहरू गरेको थियो । एक दर्जनभन्दा बढी कानुनहरू चैं परिमार्जन गर्ने भनेर चैं भनिएको थियो । त्यो कानुनको परिमार्जनको अवस्था चैं केही भएजस्तो लाग्दैन र हामीले यो अधिवेशनमा चैं कतिवटा विधेयकहरू पारित गर्यौं त्यो चैं हेर्नुपर्ने अवस्था हुन सक्छ । र समितिका निर्देशनहरू मूलतः कार्यान्वयन नहुने र जुन निर्देशनहरू चैं मन्त्रालयमा समन्वय र सहकारीको लागि हुन्छ र सचिवहरूको चैं हरेक मन्त्रीहरूपिच्छे नै परिवर्तन हुने र मलाई जानकारी छैन । म भर्खर आइपुगें । दुई महिना भयो, मेरो तीन महिना भयो, अगिल्लो कुरा था' छैन जस्ता कुराहरू चैं भ'को हुनाले अलिकति उदासीनता पनि देखिन्छ ।

र समितिले मिनी अधिवेशनको रूपमा जुन समितिले छलफल गरिरहेको हुन्छ त्यो कुरालाई चैं कार्यान्वयन नगर्नु भनेको यो ठुलो कमजोरीको रूपमा रहेको छ । समितिले जुन

वार्षिक रूपमा जुन प्रतिवेदनहरू पेस गर्छ, यो प्रतिवेदनमाथि अध्ययन र छलफल गर्न आवश्यक छ तर गरिने परम्परा देखिँदैन । र यो अहिले मूल्याङ्कन प्रतिवेदनको रूपमा आउनु भनेको चैं चुनौतीपूर्ण अवस्था हो । तीनवटा प्रतिवेदन कार्यान्वयन नभइसकेपछि जुन प्रतिवेदन अहिले हाम्रो सामु आएको छ, यो सरकारको लागि पनि चुनौती छ । र ती राष्ट्रिय गौरवका आयोजनाहरूलाई तन्काउँदै लगिरहेको छ । ठेकेदारहरू भाग्ने र आधा काम गरेर छोड्ने । उनीहरूलाई किन कारबाही गरिरहेको छैन? किन उनीहरूको चैं खोजबिन भइरहेको छैन? आधा अधुरा काम गर्नेहरूलाई फेरि पुनः उनीहरूलाई नै आयोजनाहरू सुम्पने कामहरू चैं भइरहेको छ । त्यसैले के लाग्छ भने सरकार आफै अल्मलिरहेको छ । यो अल्मलिनु चैं वास्तवमा देशको लागि ठिक होइन । र सरकारले चैं समितिले जुन कुरा मूल्यङ्कन गरेर अगाडि ल्याएको छ, यो विषयमा गम्भीरतापूर्वक लिनुपर्छ र छलफल गर्नुपर्छ भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय कमला पन्त ।

(१३:४९ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- माननीय अध्यक्ष महोदय, समितिका सभापति, राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापतिज्यूले प्रतिवेदन ०७५/०७६ ३ वर्षको प्रतिवेदनमा, वार्षिक प्रतिवेदनमा सरकारले त्यति गम्भीरतासाथ प्रतिवेदनलाई नलिएपछि यसलाई फेरि सरोकार राखेर यसलाई चाहिँ समीक्षा गरेर जुन प्रतिवेदन ल्याउनुभा' छ । त्यसका निम्ति हार्दिक धन्यवाद दिन चाहन्छु । आभार व्यक्त गर्न चाहन्छु । समितिका सम्पूर्ण सभापतिलगायत सदस्यज्यूहरूलाई र अब म धेरै माननीय सदस्यहरूले बोलिसक्नुभा' छ । वहाँहरूको कुरामा धेरै जसो समर्थन गर्दै छोटोमा के निवेदन गर्न चाहन्छु भने अध्यक्ष महोदय, अहिले हामीसँग राष्ट्रिय गौरवका आयोजनाहरू छन् । त्यसको राम्रो समीक्षा भ'को होला प्रतिवेदन त मैले अध्ययन गरेको छैन ।

धेरै सरोकारवालाहरूलाई राखेर छलफल गरेर गम्भीरताका साथ हामीले प्रतिवेदन पेस गरेका छौं । यो मूल्याङ्कन प्रतिवेदन भन्नुभा' छ सभापतिज्यूले यसको बारेमा धेरै कुराहरू होलान् तर अहिले सानो काम पनि हामीले गर्न नसकेर राष्ट्रिय गौरवका योजनाहरू आर्थिक अवस्था राम्रो हुँदाहुँदै पनि काम नगरेका कुराहरू छन् । जस्तैः राष्ट्रियको आयोजना बुढीगण्डकी आयोजना त्यसमा लगभग अघिल्लो वर्ष असारमा नै ९२ अरब बजेट सङ्कलन भइसकेको थियो । त्यसमा अहिले लगभग १ खरब पुग्यो होला भन्ने म अनुमान गर्छु । त्यसपछि त्यहाँ एउटा समिति थियो । समितिले राम्रै अध्ययन गरिराखेको अवस्थामा हाम्रो कम्पनीमा वातावरणीय इकाइको

आधिकारिक इत्यादिको कुरा देखाएर हामीले फेरि कम्पनीतिर लगेम् यसलाई । र यो एउटा कम्पनीलाई पहिला समिति हुँदैमा गेजुवा एउटा कम्पनीलाई चाइनिज कम्पनीलाई हामीले काम गर्नको लागि तोक्यौं । त्यसमा के अब भयो । सरकारको कुरो त्यति धेरै मैले बुझिनँ तर मेरो मलाई चाहिँ के लाग्छभन्दा यति उजाड भ'का छन् ती बस्तीहरू त्यस्ता राम्रा हराभरा बस्तीहरू उजाड छन् अहिले । अहिले हामीले मुआब्जा दिइसकेम् । लगभग मुआब्जा पाइसकेका व्यक्ति अहिले ६५ अर्ब जति खर्च भइसक्यो । त्यति हुँदा पनि अहिलेसम्म त्यो राष्ट्रिय गौरवको योजना कतापट्टि छ? र प्रधानमन्त्रीज्यूको कुरा सुन्दा फेरि एकदम उत्साहा छ । यो उत्साहालाई एकै ठाउँमा सबैजना उभिएर सबैजना सबै राष्ट्रिय सरोकारका मुद्दाहरूलाई हाम्रो राष्ट्रिय सहमतिमा गएर काम गर्न सक्यो भने यसले पूर्णता प्राप्त गर्न सक्छ कि जस्तो लाग्छ । हामीलाई बेरोजगारको समस्या छ । हामी राष्ट्रिय गौरवका आयोजनाहरूलाई कुरा गर्दैनौं । जस्तैः अहिले यो गएको अब आउँदो असारमा चाहिँ यो बुढीगण्डकी आयोजना चाहिँ कम्प्लिट हुनुपर्थ्यो । ७ वर्ष ७ महिनाको हो यसको यसको समय अवधि चाहिँ । अहिले गइसक्यो असारमा सकिन्छ र हाम्रो बजारमा अब आउँदो असारमा १२०० मेगावाट विद्युत् आउनुपर्थ्यो । त्यो रोकियो हामी कहाँ पुग्यौं? हाम्रो आर्थिक विपन्नताको हामी सधैं कुरा गर्छौं । यस्ता आयोजनाहरूलाई हामीले ध्यान पुऱ्याउन सकेका छैनौं । अब यी कुराहरूलाई र अर्को कुरा माननीयज्यूहरूको कुरामा म सहमति जनाउँदै ।

निजामती ऐन पास नगरेको कारणले अब हामीसँग पहिला लगभग ५ हजार जति पालिका थिए । अहिले आएर हाम्रा ६,७४३ ओटा वडा छन् । त्यो वडा कार्यालयमा जाने हो भने एउटा सचिवले ५ ओटा वडासम्मलाई काम गरेको अवस्था छ । र वडा वडामा पालिका पालिकामा कर्मचारीहरू छैनन् । अब कर्मचारी नभईकन कसले के काम गर्ने के अवस्था होला । अलिकति त्यसलाई त मध्यनजर राज्यले गरेको होला सरकारले गरेको होला गर्न पर्ने हो र अब तहगत अधिकारको पनि विनियोजन हुन सकेको छैन । तहगत अधिकार त्यो निजामती ऐन पनि आएको छैन र तहगत अधिकारलाई हामीले सुरक्षित गर्न सकेनम् भने अलमस्त सबैजना अल्मलिएको अहिलेको अवस्थामा छ ।

त्यस्तै निजगढ एयरपोर्टको कुरा यो एयरपोर्ट धेरै जटिल देख्छु म मैले चाहिँ सुन्नमा आ'को त्यहाँ हेर्दा पनि जटिल छ । यसलाई यसको जटिलतालाई कसरी समाधान गर्न सक्छ? यसलाई पनि हेर्नुपर्यो र अन्तमा अध्यक्षज्यू, म गत वर्ष काठमाडौंको फोहोरको कारणले गर्दा लगभग ४ हजार नेपाली नागरिकले ज्यान गुमाउनुपर्यो डेङ्गोको कारणले अहिले पनि अब फोहोर नउठ्ने अवस्था छ भन्ने सुन्नमा आ'को छ । जनताको संवेदनशीलताप्रति सबै पक्ष गम्भीर हुन

पर्यो भनेर हामी संसदमा सधैं छलफलमा भाग लिएका छौं प्रतिवेदनमा त्यस्ता कुराहरू आ'का छन् । राज्य किन गम्भीर हुन सकेको छैन? म यतापट्टि ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय देवेन्द्र दाहाल ।

(१३:५५ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सरोकार तथा समन्वय समितिले एउटा प्रतिवेदन प्रस्तुत गरेको छ । र यो प्रतिवेदन एउटा मात्रै छैन, तीनटा प्रतिवेदनलाई कार्यान्वयनको अवस्थाको सन्दर्भमा आफ्नो फेहरिस्त प्रस्तुत गरेको छ । र यसको लागि पहिलो कुरो त समितिलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु, समितिका सबै साथीहरूलाई सभापतिज्यूमार्फत । दोस्रो कुरोः सरकारले, सरकार चैं समितिका कुराहरूलाई सुन्नको लागि कतिको तयार छ कि छैन? भन्ने सन्दर्भको एउटा उदाहरण पनि यहाँ प्रस्तुत भएको छ । र हामीले प्रजातन्त्र ल्यायौं, लोकतन्त्र ल्यायौं, लोकतान्त्रिक गणतन्त्र स्थापना गर्यौं अर्थात् राजतन्त्र फालेर गणतन्त्र स्थापना गर्यौं । राजनीतिक आन्दोलनहरू लगभग हामीले पूरा गरेका छौं ।

अब सबै मिलेर देशको समृद्धितर्फ लाग्नुपर्ने, त्यसको लागि हामी चैं यो आजको प्रतिवदेनबाट मलाई के लाग्छ भने हामी जुन शक्ति पृथकीकरणको सिद्धान्तअनुसार चल्ने कि नचल्ने? आफ्नो भूमिका निर्वाह गर्ने कि नगर्ने? आफ्नो भूमिकामध्ये पनि आफूले निर्वाह गर्नुपर्ने कर्तव्य पालन गर्ने कि नगर्ने? अथवा त्यहाँ बस्न तयार हुने कि नहुने? भन्ने कुराहरूसँग सम्बन्धित छ भन्ने मलाई लाग्छ । त्यसकारण सरकारले संसदका कुराहरू नसुन्ने, न्यायालयले आफ्नो कार्यक्षेत्र नाघ्ने, नाघेर निर्णयहरू गर्ने, र जनताका कुराहरू सुन्ने सन्दर्भमा कोही पनि जिम्मेवार नहुने । यसकारणले गर्दाखेरि मलाई के लाग्छ भने यो अहिले राष्ट्रिय सरोकार तथा समन्वयन समितिले जुन प्रस्तुत गरेको प्रतिवेदन छ, आफ्नो फेरिस्त छ, त्यस्तो खालको फेरिस्त चैं सबै समितिले प्रस्तुत गर्नुपर्ने भा'को छ । र यो संसदको सरोकारको विषय, संसदको एजेन्डामा राखेर छलफल गर्नुपर्ने भा'को छ । यो मात्रै समितिको कुरा होइन । म आफू पनि विधायन व्यवस्थापन समितिको सदस्य छु । त्यहाँ पनि एउटा सरकारले चैं दिएका निर्देशनहरू कतिको पालन गर्यो कि गरेन भन्ने सन्दर्भमा एउटा उपसमिति बनाइएको छ । त्यहाँ हेर्दाखेरि यहाँले त भन्नुभयो पचास प्रतिशत पनि, पचास प्रतिशत, त्यसमा पनि चैं आंशिक कार्यान्वयन भ'को भन्नुभयो । र त्यहाँ हेर्दाखेरि पनि विधायन व्यवस्थापन समितिको कार्यक्षेत्रभित्र रहेका

कामहरूलाई चैं कति रहेछन् त भनेर हामी हेर्दै छौं । हेर्दाखेरि त्यो समिति मेरै संयोजकत्वमा बन्या छ उपसमिति । त्यहाँ हेर्दाखेरि चैं तीस प्रतिशत पनि पूरा गरेको छैन ।

र त्यसले गर्दाखेरि अब हामीले गर्नुपर्ने काम के बाँकी रह्यो त? हामीले संविधानमै लेख्यौं समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने गर्या छौं भनेर । भनेपछि अब हाम्रो समृद्धितर्फ जाने हो कि होइन? यदि सरकारले संसदले भनेका कुराहरूलाई चैं कार्यान्वयन नगर्ने हो भने, दिएका निर्देशनहरूलाई कार्यान्वयन नगर्ने हो भने, वास्तवमा भन्ने हो भने देशमा समृद्धि कहिले पनि आउन सक्ने छैन ।

माननीयज्यूहरूले कुरा उठाउनुभयो राष्ट्रिय गौरवका आयोजनाहरूको सन्दर्भमा । राष्ट्रिय गौरवका आयोजनाहरू लथालिङ्ग अवस्थामा रहेका छन् । र ती राष्ट्रिय गौरवका आयोजनाहरू भनेर जुन नामाकरण गरिएको छ, तिनीहरू जुन लथालिङ्ग अवस्थामा रहेका छन् तिनीहरूलाई राष्ट्रिय गौरवका आयोजना पनि भन्न नसकिने अवस्थामा छन् । केही उदाहरणको रूपमा माननीयज्यूहरूले भनिसक्नुभा' छ । राज्यको सम्पत्ति, राज्यको पैसा, ढुकुटी थुप्रै खर्च भइसकेको छ । तर काम भएको छैन । त्यो सबै कुरा के हो त भन्दा सरकार गैरजिम्मेवार हुने र त्यो कुरा यो सरकार, ऊ सरकार भन्दिनँ म कि सबै सरकारहरूले समितिले दिएका निर्देशनहरू पालना नगरेको, कार्यान्वयन नगरेको अवस्था छ । त्यसकारण यसमा म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे ।

**(१३:५९ बजे) <u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सरोकार तथा समन्वय समितिले वार्षिक प्रतिवेदनमाथि पुनः मूल्याङ्कन गरेर थप प्रतिवेदन प्रस्तुत गरेकोमा म विशेष धन्यवाद दिन चाहन्छु । यसै गरेर थुप्रै विषयहरू उठे । म उठेकै विषयमा अलिकति जोड दिन चाहन्छु । हामीले आफ्नै लगानीमा आफ्नै चाहिँ श्रममा द्रुतमार्ग निर्माण गर्नका लागि अगाडि बढ्यौं । असाध्यै उत्साहाका साथ कामहरू अगाडि बढे । १० ठाउँबाट एकैचोटि काम सुरु भयो । र विभिन्न ठाउँमा कामहरू अगाडि बढेको छ । राम्रै पनि भ'को छ । तर यतिखेर सिद्धिन पर्ने बनिसक्नुपर्ने बेलासम्म त्यो काम त्यही ढङ्गले अगाडि बढेको छैन तयारी भएको छैन । यो ढिलो भैराखेको छ । यसलाई छिटोभन्दा छिटो निर्माण गरेर समयमै काम सक्काउने जुन हाम्रो प्रतिबद्धता थियो । त्यो ढिलो भए

पनि छिटोभन्दा छिटो निर्माण पूरा गरियोस् भन्ने म माग गर्न चाहन्छु र त्यसमा परेको समस्या र छलफलमा सरकारले रुचि दिओस् भन्ने विषय राख्न चाहन्छु ।

त्यसै गरेर त्यसैसँग सम्बन्धित जस्तो रहेको यो निजगढ एयरपोर्ट निजगढ एयरपोर्ट चाहिँ काठमाडौंको विकल्प हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विकल्प हो भनेर बनाउन सुरु गरेको हो । त्यसमा सबै कामहरू अगाडि बढेको छ । ईआईएहरू भ'को छ । रुखहरू ठुला छैनन् । बुट्यान हुन् भनेर भनिएको छ । र धेरै ठाउँमा जङ्गल पनि छैन । त्यो अवस्थामा पनि फेरि अर्को ठाउँमा एयरपोर्ट बनाउनुपर्छ भनेर जुन अदालतले डिसिजन दे'को छ । यसलाई अदालतले पनि सच्याओस् । र सरकारले पनि यसलाई पहल गरेर अगाडि बढाओस् भन्ने म चाहन्छु ।

र त्यहीसँग सम्बन्धित भएर हामीले चाहिँ सुक्खा बन्दरगाह निर्माण गरेका छौं । सुक्खा बन्दरगाह तयारी भएर अहिले प्रयोगमा आउने अवस्था छ । तर त्यहाँ लएर राख्ने सामान छैन । बाटो बनेको छैन । एयरपोर्ट बनेको छैन । यो सबै सम्बन्धित विषयहरू चाहिँ सरकारले कसरी यसलाई तादम्यता मिलाएर अगाडि बढाउँछ । र एयरपोर्ट हामीले दुइटा एयरपोर्ट बनायौं मिडियम खालका भन्ने छ । अब भाषामा जे भनौंला अहिले ठुला जहाजहरू अवतरण गर्न नसक्ने खालका दुइटा एयरपोर्ट बनाएर हामी बसेका छौं । यदि नेपाल रहन्छ । नेपाल राख्ने हो र नेपाललाई चाहिँ अगाडि प्रगतिको बाटोमा लैजाने हो निजगढ एयरपोर्ट जरुरी छ । र सुक्खा बन्दरगाह र यो द्रुतमार्गको त्यसमा तादम्यता मिल्ने छ भन्ने कुराहरू राख्दै मेरो कुरा यहीं अन्त्य गर्छु । हस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मदन कुमारी शाह (गरिमा) ।

(१४:०२ बजे) **<u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु । वहाँले ३ वर्षको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको छ । र कार्यान्वयनको अवस्था के रहेको छ भनेर हामीलाई जानकारी गराउनुभएको छ । बडा दुःखका साथ भन्नुपर्छ । मिनि संसदको रूपमा रहेको समितिले निर्देशन गरेका सिफारिस गरेका ती सिफारिस र निर्देशनहरू कार्यान्वयन नहुने र कार्यान्वय भएन भनेर सदनमा हामीले भन्नुपर्ने वास्तवमा यो हाम्रो लागि सुखद् पक्ष हो जस्तो मलाई लाग्दैनँ । यसले के देखाउँछ भन्दा

सरकार सञ्चालनमा रहेका अधिकार प्राप्त व्यक्तिहरूले आफ्नो कर्तव्य निष्ठापूर्वक निर्वाह गरेनन् कि भन्ने कुरा दर्साउँछ । त्यति मात्रै होइन जसलाई हामी राष्ट्रसेवक भनेर भन्ने गर्दछौं । राष्ट्रसेवकहरूले पनि आफ्नो कर्तव्य, इमानदारी र निष्टपूर्वक निर्वाह गरेका छैनन् भन्ने यो ज्वालन्त उदाहरण हो ।

हामी आज छलफल गरिरहेका छौं । माननीयहरूले उठाउनुभएका विषयहरूमा म समर्थन गर्दै केही कुराहरूमा म जोड दिन चाहन्छु । राष्ट्रिय गौरवका आयोजनाहरू हामी पपुलर हुनको लागि राष्ट्रिय गौरवका आयोजनाहरू घोषणा गर्दछौं । तर ती राष्ट्रिय गौरवका आयोजनाहरू सम्पन्न गर्ने समयावधिभित्र हामीले ती सम्पन्न गर्न सकेका छौं कि छैनौं? आएका अवरोधहरूलाई तदारुकताका साथ निवारण गर्नको लागि हामी लागेका छौं कि छैनौं? भन्दा दुःखका साथ भन्नुपर्छ । हामीले गरेका छैनौं । र कतिपय राष्ट्रिय गौरवको आयोजनाहरू निर्माण भैरहेका छन् अगाडि बनिरहेका छन्, पछाडि भत्किरहेका छन् । त्यसको गुणस्तरीयता के छ? त्यो पनि हामीले भन्न सक्छौं कि हामी त्यसमा गर्व गर्नसक्ने अवस्था छैन ।

म एउटा सानो उदाहरण दिन चाहन्छु । रानी रानीजमरा- कुलरिया सिँचाइ आयोजना छ कैलालीमा त्यो कर्णाली नदीमा त्यसले तटबन्धन गरिरहेको छ । तर त्यो तटबन्धन अहिले भत्केर खिया लागेको अवस्था छ । अब बर्खा आउँदै छ । बढी आयो भने कैलालीको टिकापुर रहन्छ कि रहँदै एउटा ठुलो चिन्ताको विषय छ । हाम्रा राष्ट्रिय गौरवका आयोजनाहरू यस्ता छन् । हामीले बच्चैदेखि सुनिरहेको हाम्रो जीवनले पनि पूर्वाधारति लम्किरहेको बेलामा सुनेका ती राष्ट्रिय गौरवका आयोजनाहरू अहिलेसम्म पूरा हुन सकेका छैनन् । सेती लोकमार्ग कति वर्ष भयो हामीले सुनेको । खइ अहिलेसम्म पूरा भएको? सरकार के हेरेर बस्या छ? कति वर्षसम्म त्यो आयोजना पूरा हुन्छ? मध्य पहाडी जसलाई पुष्पलाल राजमार्ग भनिन्छ । त्यसको अवस्था के छ? कर्णालीलाई सहज बनाउनको लागि घोषणा भएका राष्ट्रिय गौरवका आयोजनाहरूको अवस्था के छ? पश्चिम सेती अप्पर कर्णालीको अवस्था के छ? सरकारले यसको जवाफदेहिता लिनुपर्छ कि पर्दैन?

हामीले यही हाम्रो सदनले व्याख्यात्मक टीप्पणीका साथ एमसीसीलाई पारित गर्यो । तर अहिले हामीले सुनिरहेका छौं । त्यसको ख्याख्यात्मक टीप्पणीको बारेमा के जवाफ दियो? एमसीसीले हामीलाई थाहा छैन । सरकारले यो सदनलाई जानकारी गराओस्, यो म माग राख्न चाहन्छु । र अनुदान लिने सहयोग लिने नाउमा राज्यलाई थप भार हुने गरी हामीले कुनै पनि आयोजना गर्नुहुन्न भन्ने मलाई लागिरहेको छ ।

र विशेष गरेर यहाँ एउटा चाहिँ राना थारूको बारेमा एउटा चाहिँ यहाँ भनिएको रहेछ कि थारू समुदायलाई कमजोर बनाउनको लागि राना थारूलाई अलग गर्नुहुँदैन भनेर एउटा लेखिएको रहेछ । म के भन्न चाहन्छु भने राना थारूको आफ्नो भाषा छ । आफ्नो संस्कृति छ । आफ्नो अलग खानपान छ । आफ्नो अलग पहिरन छ । यदि राना थारूले आफूलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गराउन चाहन्छन् भने उनीहरूको अधिकार कटौती गर्न गर्नुहुन्न भन्ने कुरा म यहाँ राख्दै कर्णालीको विषयमा पिछडिएको क्षेत्र विकास गुरुयोजना तयार गर्ने भनेर काम अगाडि बढेकोमा आंशिक रूपमा मात्रै भएको भन्ने छ । अहिले पनि कर्णाली सडक सञ्जालबाट टाढा छ । बर्खा लाग्यो भने कर्णालीसँग नेपालको सम्बन्ध विच्छेद हुन्छ र यी योजनाहरू जो हामी घोषणा गर्छौं । त्यसलाई समयमा पूरा गर्नुपर्दछ भन्ने कुरा राख्दै । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय डाक्टर विमला राई पौडयाल ।

(१४:०७ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सरोकार समन्वय समितिको सभापतिज्यूलाई म सभापति र सम्पूर्ण समितिको सदस्यज्यूहरूलाई सर्वप्रथम बधाई दिन चाहन्छु । यो सदनले गर्ने चारओटा, संसदले गर्ने मुख्य चारओटा भूमिका भनिन्छ । कानुन बनाउने अनि बजेट र सरकार बनाउने काम पनि संसदले गर्छ भनिन्छ अनि त्यसपछि जनताको आवाज संसदमा प्रतिनिधित्व गर्ने र सरकारको निगरानी गर्ने त्यसमा सरकारको निगरानी गर्ने काम चाहिँ असाध्यै राम्रोसँग व्यवस्थित रूपमा ३ वर्षसम्मन गरेको र ३ वर्षसम्मन गर्दाखेरि के भनेर आउटकमसमेत यहाँ ल्याएर प्रस्तुत गर्नुभा'को छ । वास्तवमा यो हामी सबै समितिले गर्नुपर्ने हो र सबै समितिका प्रतिवेदनहरू यसै गरी छलफल गर्न पा'को भए हुन्थ्यो जस्तो मलाई अहिले लागिरहेको छ । वहाँको यो समितिको छलफल गरिरहँदाखेरि किनभने सबै समितिले यसै गरीकन निर्देशनहरू दे'को हुन्छ तर त्यो निर्देशनहरू कतिको कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने कुरा चाहिँ एकदमै महत्त्वपूर्ण कुरा हुने रैछ । हामी चाहिँ निर्देशन दिन्छौं । तर त्यसपछि कार्यान्वयन भयो कि भएन भनेर फेरि छुट्टै अनुगमन गर्ने र फेरि छुट्टै यहाँ ल्याएर छलफल गर्ने यो परिपाटि मलाई भैङ्कर राम्रो लाग्यो त्यो भएर यसमा बधाई पनि छ ।

अब म धेरै परियोजनाहरू राष्ट्रिय गौरवका आयोजनामा जादिनँ । पूर्ववक्ता माननीयज्यूहरूले भनिसक्नुभा'को छ मलाई खालि दुइटा कुरामा यहाँ मलाई भन्न मन लागेको परियोजना किन कम्प्लिट हुँदैन? परियोजना नेपालको आवश्यकताले बनेका छन् कि दाताको

आवश्यकताले बनेका छन् । अनि नेपालकै आवश्यकताले बनेका परियोजना पनि कार्यान्वयन गर्नको लागि हामीले ठेकेदारहरू छान्छौं । ठेकेदारहरू कोही घरपट्टि पर्छन् कोही ससुरा पर्छन् । कोही ज्वाइँ पर्छन् । अनि एउटाले त्यो त्यो एउटा ठेकेदारले १० ओटा ठेक्का लिएको हुन्छ । सबैभन्दा कमजोर बिड हुन्छ यसको आर्थिक रूपमा तर पनि हाम्रा कानुनले उसलाई छुट दिएको हुन्छ । अनि हामी तिनै ठेकेदारहरू छान्छौं र तिनीहरूलाई नै काम गर्न दिन्छौं । यसमा दुइटा पाटो हामीले नहेरीकन सुधार हुन्छ जस्तो मलाई लाग्दैन । पहिलो पाटो भनेको हामी राष्ट्रिय गौरवको आयोजना भन्नुभन्दा अगाडि त्यो कार्यान्वयन गर्नको लागि आवश्यक जग्गा आवश्यक पैसा आवश्यक ठेक्कापट्टा आवश्यक सबै त्यो फिजिबिलिटी स्टडीहरू सबै तयारी गरेको छ कि छैन त्यो नहुन्जेलसम्म त्यसलाई राष्ट्रिय गौरवको आयोजना भनेर पैसा छुट्याउने काम बन्द गर्नुपर्छ । अहिले हामीले पहिला राष्ट्रिय गौरवका आयोजना भनेर आयोजना बनाउने अनि त्यसपछि जग्गा नपाउने अनि जग्गाको लागि १० वर्ष फेरि किटीकिटी गरिराख्ने अहिलेको एउटा समस्या त्यो देख्छु ।

र अर्को भनेको चाहिँ हामीले आउटसोर्स गर्दाखेरि एकदमै अनिवार्य रूपमा ट्र्याक रेकर्ड हेर्नुपर्ने जरुरी छ । ठेकेदारको ट्र्याक रेकर्ड कन्ट्र्याक्टरको ट्र्याक रेकर्ड नहेरीकन हामीले कसरी चाहिँ ठेक्कापट्टा गरिराखेका छौं यसलाई सुधार गर्नुपर्ने जरुरी छ । र अर्को महत्त्वपूर्ण कुरा जसले निर्णय गरिराख्नुभएको छ अथवा कार्यान्वयन गर्ने कुर्सीमा जो बस्नुभा' छ । वहाँहरूको परियोजनामा वहाँहरूको पर्फर्मेन्स इभ्यालुएसन हुन्छ कि हुँदैन? कुनै कार्ययोजनाको परियोजनाको हेड भएर कोही गइसकेको छ भने त्यो हेडले ५ वर्षभित्रमा त्यो परियोजना सक्नुपर्ने हो भने, त्यो सकिएको छैन भने के हुन्छ? सकियो भने त सकियो । सकिएको छैन भने के हुन्छ? त्यो हामीसँग कुनै कुनै कुनै कुनै पनि कतैबाट पनि बाँध्ने छैन । धेरै भए सरुवा हुन्छ । सरुवा भएर त त्यो परियोजना फेरि पास हुँदैन । त्यसले गर्दा यस्ता सिस्टममा नै परिवर्तन गर्नुपर्ने खालका हाम्रा थुप्रै कुराहरू छन् । जसमा चाहिँ संसदको रुलिङले हो कि सरकारलाई निर्देशन गरेर हो कसरी हो, त्यहाँनिर चाहिँ सुधार गर्नुपर्ने जरुरी मैले देखेको छु ।

सरोकारवाला हाम्रो यो राष्ट्रिय सरोकार समन्वय समितिको कार्यक्षेत्र असाध्यै वृहत् छ । वहाँहरूले महिला हिंसादेखि राष्ट्रिय गौरवका आयोजनाका अनुगमन गर्नुभा'को छ । परराष्ट्र सम्बन्धका विषयमा कुरा गर्नुभा'को छ । कोरोना भ्याक्सिन कसरी नेपालमै उत्पादन गर्नसकिन्छ भन्ने विषयमा छलफल चलाउनुभा'को छ । साँचै नै काम चाहिँ यो समितिले संसदको काम यस्तो हुनुपर्छ भनेर देखा'को छ । यसमा म फेरि यहाँहरूलाई थुप्रै थुप्रै बधाई पनि दिन चाहन्छु । र आजको यो छलफलमा यो ल्याउनुभा'कोमा धन्यवाद पनि दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव ।

(१४:१२ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले राष्ट्रिय सरोकार तथा समन्वय समितिले, त्यो समितिको सभापतिज्यूले समितिको तर्फबाट प्रतिवेदन पेस गर्नुभा' छ र त्यसमा हामी छलफल गरिराखेका छौं र त्यो छलफल मुख्य रूपमा समितिको तर्फबाट सरकारले दिइएको सुझावहरूको सन्दर्भमा, निर्देशनहरूको सन्दर्भमा र देशभित्र विभिन्न आयोजनाहरूको कार्य प्रगति विवरणको सन्दर्भमा देखिएका समय र चुनौतीहरूबारे बडो राम्रोसँग संश्लेषित गरेर धारणाहरू आ'को छ र यसमा जेजस्ता कुराहरू उठाइएको छ । मलाई लाग्छ बडो प्रतिनिधिमूलक ढङ्गले धेरै राम्रा कुराहरू उठाइएको छ । त्यसकारण प्रतिवेदनको मूल स्पिरिटलाई म समर्थन गर्न चाहन्छु । स्वागत गर्न चाहन्छु । स्पिरिट धेरै राम्रो छ । सरकारको ध्यान यतापट्टि जानुपर्दछ ।

तर सम्माननीय अध्यक्ष महोदय यीबाहेक प्रतिवेदनमा केही राम्रा कुराहरू जरुर परेका छन् । तर तीबाहेक ३/४ ओटा प्रतिनिधिमूलक कुराहरू जो यो विषयको सन्दर्भमा आज हाम्रो राष्ट्रले भोगिराखेको छ यी विषयहरूको बारेमा ध्यान आकर्षण गराउन चाहन्छु । पहिलो कुरा टाइम कम छ । म एकदम छोटोमा कुरा राख्न चाहन्छु । पहिलो कुरा त के भन्दाखेरि हामीले यो संविधान अहिलेको देशको संविधान बनाउने सन्दर्भमा यसपालि नयाँ ढङ्गले पार्लियामेन्टलाई

हिजोको भन्दा ०४७ सालको संविधानभन्दा अहिले ०७२ सालको संविधानमा पार्लियामेन्टलाई संसदलाई अलिक नयाँ ढङ्गले स्थापित गर्ने गरी हामीले काम गर्यौं केही सुधारिएको संसदीय लोकतन्त्र भनेर हामीले भन्यौं त्यसको स्पिरिट के थियो भन्दाखेरि पार्लियामेन्ट भनेको जनताले चुनेर पठा'को प्रतिनिधिहरू बस्ने ठाउँ हो जसले संविधानबमोजिम राज्यको जनताको सार्वभौमसत्तालाई प्रयोग गर्ने थलो भएको हुनाले यो संस्था अत्यन्त बलियो हुनुपर्दछ । र यो संस्थाले दिएका सुझावहरू निर्देशनहरू सरकारले अत्यन्त गम्भीरतासाथ लिनुपर्दछ भन्दाखेरि एक एक मानेमा सुप्रिमेसी अफ द पार्लियामेन्ट । संसदको सर्वोच्चताको अवधारणामा अहिले हामी संविधान निर्माण गरेका छौं र यसमा पनि एट पार्टिकुलर भन्ने हो भन्दाखेरि हिजोको भन्दा आजको सन्दर्भमा केही कुराहरूबाहेक समानान्तर रूपमा प्रतिनिधि सभा र राष्ट्रियको महत्त्वलाई र गरिमालाई र अधिकारलाई हामीले स्थापित गरेका छौं । तर दुःखको कुरा सम्माननीय अध्यक्ष महोदय के हो भन्दाखेरि अरूको कुरा मिडियाको कुरा त छोड्दिऊँ बुद्धिजीवीहरूको कुरा त छोड्दिऊँ आम पब्लिकको कुरा त छोड्दिऊँ सरकारले पनि संघीय

संसद भनेको राष्ट्रिय सभा हुँदो रहेछ । राष्ट्रिय सभा पनि संघीय संसदको एउटा पार्ट एन्ड पार्सल हो । राष्ट्रिय सभाविना संघीय संसद होइन, संसद होइन भन्ने कुरा अहिलेसम्म यो अहिलेको सरकारको कुरामा मात्रै गर्दिनँ । सरकारहरूले यो कुराले बुझ्नै खोजिराखेको छैन । प्रतिनिधि सभाभन्दा कुनै पनि हिसाबले राष्ट्रिय सभाको अधिकार गरिमा यसको चाहिँ संविधानले दिएको यसको जुन मान्यता छ । त्यो चाहिँ कमजोर छ भन्ने कुरा त्यो ढङ्गले बुझ्ने काम भैराखेको छ । त्यसकारणले राष्ट्रिय सभाका चारैओटा समितिहरूले जुन एउटा अत्यन्त मेहेनत गरेर सरकारलाई सुझावहरू दिने गर्दछ । निर्देशनहरू दिने गर्छ यसलाई चाहिँ सरकारले त्यो गम्भीरतासाथ लिने गरेको छैन । त्यसकारण पहिलो कुरा मेरो के हो भन्दाखेरि सम्माननीय अध्यक्ष महोदय, म सरकारलाई हिजोका दिनमा जे भए भए तर अब अहिलेको सरकारलाई र आगतका सरकारहरूलाई संसदले, संसदका समितिहरूले र हाउसले दिने निर्देशनहरू सुझावहरूलाई गम्भीरतासाथ लिनका लागि म आग्रह गर्दछु ।

दोस्रो कुराः सम्माननीय अध्यक्ष महोदय, अब यो आयोजनाहरूको सन्दर्भमा मैले व्यख्या नगरीकन भन्दाखेरि के भन्नुपर्छ भन्दाखेरि अहिले भर्खरै एडीबीले यो बजेटरी लोन स्याङ्सन गर्ने सन्दर्भमा के भन्यो भन्दाखेरि नेपाललाई भन्यो औंल्यायो कि तिमीहरूको यो जुन ठेक्का दिने प्रक्रिया छ । त्यसमा पारदर्शिता छैन । सरकारले ठुल्ठुला ठेक्काहरू जुन दिइराखेको छ । त्यसमा पारदर्शिता छैन । त्यसमा पारदर्शिता गर । त्यसकारण पहिलो कुरा योजनाहरू समयमा गुणस्तरीय नहुनु समयमै सम्पन्न नहुनु भनेको के हो भन्दाखेरि कन्ट्र्याक दिने प्रक्रिया अत्यन्त अपारदर्शी छ नम्बर एक । हाम्रो मन्त्रालयभित्र मन्त्रालयहरूभित्र जवाफदेहिता एकाउन्टएबिलिटी र दण्ड पुरस्कारको व्यवस्थाको ठिक ढङ्गले व्यवस्थापन गरिएको छैन । मन्त्रालयहरूको बिचमा समन्वय छैन । मन्त्री कार्यालयको जुन एउटा हस्तक्षेप कहीँ भूमिका विभिन्न मन्त्रालयहरूमा यो विकास निर्माणको आयोजनाहरूको सन्दर्भमा हुनुपर्ने हो त्यसको अभाव देखिन्छ र तीन..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय श्री शेखर कुमार सिंह ।

(१४:१७ बजे) **<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापतिजीले बडा गम्भीरताका साथ आफ्नो कार्यक्षेत्रमा रहेका सम्पूर्ण कार्यहरू सविस्तार रूपमा मैले हेर्दा मैले बुझ्दाखेरि कता न कता हामीले काम गर्दाखेरि सरकारकै लागि सहयोगको रूपमा हुन्छ तर

देख्दाखेरि समितिको निर्देशन चाहिँ प्रतिशत कति छ । त्यो मलाई भन्न नपरोस् । वरिष्ठ मन्त्रीजीले सुनी नै सक्नुभयो होला । त्यसमा ध्यान जाओस् । सम्माननीय अध्यक्षज्यूमार्फत अहिले वरिष्ठ मन्त्रीज्यू हुनुहुन्छ सरकारको वहाँले पनि ध्यान दिएर अगर समितिले यति मेहेनत गरेर आफ्नो क्षेत्रमा राष्ट्रिय सभाका चारैओटा समितिले गरिराख्या छ भने यसका पूर्णता र यसका कार्यका एकरूपता देखाएदेखि सरकारले नै सहयोग हुने देखिन्छ । मैले भन्दा ।

राष्ट्रिय गौरवका आयोजनाहरूको बारेमा आई नै सक्या छ, हाम्रा माननीय साथीहरू सबै उठाई नै सक्नुभा' छ । त्यसमा मलाई धेरै भन्नु छैन । वहाँले समर्थन जनाउँदै खास गरेर सभापतिजीले राख्नुभएका सम्पूर्ण कुरामा धन्यवाद र समर्थन जनाउँदै केही कुराहरू यस्ता देखियो कि योबिचमा हामीले अनुगमनमा जाँदा पशुपति गुठीको ११ सय चानचुन रोपनी जमिन काठमाडौं एयरपोर्टले भाडामा युज गरिराख्या छ । जसको बापत वहाँले ९२ लाख रुपियाँ प्रतिवर्ष पशुपति विकास कोषलाई बुझाउनुहुन्छ । त्यही जग्गाबाट वहाँले के गर्नुभएछ भने क्यानले गल्फ क्लब अफ नेपाल खोलेर ९७ लाख रुपियाँ लिइराख्नुभए' छ । एउटा संस्था जस्तो कुरोमा त्यो रकम पनि त पशुपति विकास कोषमै पठाइदिएभए वहाँहरूसँग हार्दिकता देखाइदिए राम्रो हुन्थ्यो नि प्रष्ट देखिन्छ ।

विक्रम संवत् १९९७ एक रोपनी दुई आना जग्गाबाट सञ्चालित मारबडी सेवा समिति जहाँ कि उद्देश्य फरक काम फरक छ । अहिले ९ रोपनी चानचुन आना वहाँले ओगटेर नगर्नुपर्ने क्षेत्रका मेडिकल सुविधाहरू पनि सञ्चालन गर्नुभाए' छ र वर्षको ९१ हजार रुपियाँ मात्रै बुझाइराख्नुभाए' छ । हुनत १८ हजार रोपनी छ । त्यो विकास कोषको जग्गाहरू त्यो विकास कोषका जग्गा कति आलिसान होटल ठड्या छ । १६ कि १७ मुरी धानमा ९ रोपनी जग्गा उता पनि गा' छन् । यस्ता चिजहरूमा सरकारले ध्यान दिएर यो त सरकारले ध्यान दिनुपर्ने कुरो रहेछ । अध्यक्षज्यूमार्फत मैले सरकारलाई आग्रह गर्न चाहन्छु । यस्ता गम्भीर प्रकृतिका कुराहरूमा सरकारले ध्यान दिएर यथासम्भव छिटोभन्दा छिटो यसलाई सन्तुलित रूपमा विकासको लागि अगाडि बढाइदिनुहुन्छ भन्ने आशा राख्दै म आफ्नो भनाइ यहीँ अन्त्य गर्छु ।

**(१४:२१ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:२२ बजे) **सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री रेखा शर्मा**:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिले त म समितिले जुन ढङ्गले आफ्नो तीन वर्षको वार्षिक प्रतिवेदनलाई छलफल गरेर यसलाई सरकारको ध्यान आकर्षण गराउने गरेर यस गरिमामय सभामै जसरी छलफलको विषय बनाएर समितिको सिर्जनात्मक काम गर्नुभो' त्यस सन्दर्भमा म समितिका सभापति माननीय पार्वती रावलसहित सबै समितिका साथीहरूप्रति हार्दिक बधाई भन्न चाहन्छु । धन्यवाद भन्न चाहन्छु । र त्यो सँगसँगै यो प्रतिवेदनमाथि छलफल गर्नुहुने सबै माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छु र छलफलमा उठेका धेरै कुराहरू मलाई लाग्छ सरकारलाई कैयन कुराहरू सुझावको रूपमा छन् यहाँ । कैयन कुराहरू प्रश्नका रूपमा छन् र प्रश्नभित्र धेरै सुझाव देख्या छु । मैले प्रश्नभित्र धेरै सकारात्मक कुराहरू पनि देख्या छु ।

त्यसकारणले गर्दाखेरिमा संसदले संसद आफैमा सरकारको निगरानी गर्ने थलो पनि हो सरकारलाई सही ट्र्याकमा हिँडाउनको निम्ति संसदले सकारात्मक भूमिका निर्वाह पनि गर्न सक्छ गरिरहेको पनि छ । अहिले पनि त्यसको एउटा प्रयत्न हो भन्ने मैले बुझेको छु र यस सन्दर्भमा हाम्रो अझ मलाई यसमा के पनि लाग्यो भने हामीले जसरी एउटा विभिन्न मन्त्रालयसँग सम्बन्धित समितिको क्षेत्राधिकारभित्र रहेका मन्त्रालयहरू त्यस मन्त्रालयलाई दिएका समितिले निर्देशन त्यसको परिपालन र समितिले वार्षिक रूपमा जुन प्रतिवेदन संसदमा पेस गर्छ, त्यो वार्षिक रूपमा प्रतिवेदन पेस गर्ने सन्दर्भमा दिएका सुझावहरू के कति कार्यान्वयन भए भएनन् । कार्यान्वयनको अवस्था के छ । सरकारले यसलाई कुन गम्भीरतापूर्वक लियो लिएन भन्ने विषयमा जुन ढङ्गले हामीले यहाँ छलफल गर्यौं त्यो वास्तवमै धेरै नै निरगानीका सन्दर्भमा धेरै नै यो सिर्जनात्मक काम हो भन्ने पनि लाग्यो र यसमा के पनि लाग्यो भने हामी अझ अलग अलग सबै समितिले यस्तो खालको प्रतिवेदनलाई वार्षिक प्रतिवेदनहरू कम्पाइल गरेर बनाउने र एउटा सरकारसँग छलफलको विषय बनाउने र सँगसँगै फेरि अलग अलग जस्तो मन्त्रालयको अलग अलग जिम्मेवारी हुन्छ । अलग अलग मन्त्रालयसँग अलग अलग ढङ्गको छलफल पनि गर्न पाउँदाखेरि अझ धेरै प्रभावकारी, अझ धेरै जीवन्त हुन्थ्यो भन्ने पनि मलाई लाग्यो तर पनि फेरि म अहिले जुन ढङ्गले तयारी गरेका छौं, त्योअनुसार माननीय सदस्यहरूले जसरी यहाँ कुराहरू प्रश्नहरू उठाउनुभा'को छ । त्यसको उत्तरै दिने भन्दा पनि त्यसमा म छलफल गर्ने पनि कोसिस

गर्छु । र त्यसका निम्ति यहाँहरू सबैलाई फेरि पनि धन्यवाद भन्न चाहन्छु र आएका सबै कुराहरू सरकारले सकारात्मक ढङ्गबाट लिइन्छ । लिएको छ । र सरकारमा भ'का सीमा, कमी कमजोरीलाई हटाएर आगामी दिनमा अगाडि बढ्ने सन्दर्भमा माननीयज्यूले जे सुझावहरू दिनुभा'को छ त्यो सुझावहरू दिनुभा'को त्यो सुझावहरूलाई सकारात्मक रूपमा लिइने छ । ग्रहण गरिने छ र सरकारका सम्बन्धित मन्त्रालयहरूमा यो कुरा व्यवस्थित ढङ्गमा पुऱ्याउने छौं भन्ने कुरा राख्न चाहन्छु र सँगसँगै म के पनि आग्रह गर्न चाहन्छु भने हामी सबै यो जुन समितिले सोधेको जुन प्रश्न छ । जुन एउटा प्रतिवेदनमा उल्लेख छ । त्यो प्रतिवेदनको एउटा कम्पाइल गरेर सबै मन्त्रालयसँग सम्बन्धित जति पनि प्रश्नहरू छन् ती प्रश्नहरूको कम्पाइल गरेर हामी लिखित रूपमा पनि सम्मानित सभामा त्यो पनि उपलब्ध गराउने छौं । यति कुरा भनेर म केही माननीय सदस्यज्यूहरूले उठाउनुभएका अलिक बढी धेरै कुराहरू दोहोरिन्छन् पनि र कैयन कुराहरू दोहोरिएका पनि छन् । र कैयन कुराहरू नयाँ कुराहरू पनि छन् । तिनी कुराहरूको सङ्क्षिप्तमा म केही कुराहरू राख्न चाहन्छु ।

खास गरेर यो हाम्रो अहिले जुन ढङ्गले सबै माननीय सदस्यहरूले र हामी सबैले पनि सरकारको तर्फबाट पनि उठाइरहेको विषय यो कर्मचारी समायोजनको कुरा र संघीय निजामती सेवा ऐनको कुरा जुन छ । कर्मचारी समायोजनको प्रक्रियामा हामीले वास्तवमा संघीय निजामती विधेयकमा सम्बन्धित यो सरोकारवालाहरूसँग छलफल पनि भ'को छ । र यो संघीय निजामती सेवा ऐनको विषय जुन माननीयज्यूहरूले उठाउनुभा' छ । यो चाहिँ सरकारको पनि अत्यन्तै प्राथमिकताको विषय हो र सरकारले अत्यन्तै प्राथमिकतामा राखेर यो करिब करिब अन्तिम चरणमा पुगेको छ र माननीयज्यूहरूको बिचमा भन्दाखेरिमा अहिले यो कानुन मन्त्रालयमा पुगेको छ । संघीय निजामती क्यारे यो हाम्रो संघीय मामिला मन्त्रालयबाट यो कानुन मन्त्रालयमा पुगेको छ र त्यो कानुन मन्त्रालयमा यो करिब करिब अन्तिम चरणमा छ र यो क्याबिनेटमा आएर यो हामी छिटोभन्दा छिटो यो संघीय निजामती सेवा ऐनलाई संसदमा प्रस्तुत गर्ने हामी तयारीमा छौं । र त्यसै गरेर जुन एउटा कर्मचारीहरूको छिटो छिटो सरुवा भन्ने विषय पनि यहाँ उठेको छ । हो यो यस्तो भ'को छ । विगतदेखि नै अब एउटा कर्मचारीहरूको एउटा सुरुवाको व्यवस्थापन ठिक ढङ्गले हुन नसक्दा ती विषय संघीय निजामती सेवा ऐनमा आउनुपर्ने विषय हो र हामीलाई के लाग्छ भने हामीले संघीय निजामती सेवा ऐन पास गर्दै गर्दाखेरिमा कर्मचारीको सरुवालाई अनुमानयोग्य सरुवा बनाउन सक्यौं भने ती व्यवस्था हाल्न सक्यौं भने कुनै पनि कर्मचारी आज यो ठाउँमा बसेको छ कुनै कार्यालयमा बसेको छ भने त्यसको निश्चित समयावधिभित्रमा त्यो कुन कार्यालयमा जाने भन्ने विषय पहिले त्यो अनुमानयोग्य भयो भने त्यो

कसैले काहीँ तलमाथि गर्न सक्ने उसको विज्ञता क्षमताअनुसार कहिलेकहीँ उसको क्षमता योग्य ठाउँमा पुऱ्याउनुपर्ने त होला तर पनि आम रूपमा के हुन जान्थ्यो भने यो हामीले सरुवालाई अनुमागयोग्य बनाउन सक्दाखेरिमा मात्रै हामीले यसलाई व्यवस्थित ढङ्गले गर्न सक्थ्यौँ भन्ने लाग्छ । र निजामती सेवा ऐन बनाउँदै गर्दाखेरिमा यसलाई विशेष ध्यान दिनुपर्ने विषय हो र यो सम्मानित सदनले सम्मानित संसदले यो कुरामा विशेष ध्यान दिने नै छ भन्ने कुरा पनि राख्न चाहन्छु । यो संघीय निजामती सेवा ऐनको कर्मचारी सरुवाको यो जुन विषय छ । यो विषयमा मैले यिनै कुराहरू नै राखेँ ।

र अर्को: यो जुन आयोजनाका विषयमा राष्ट्रिय गौरवका आयोजनादेखि अरू आयोजनाका विषयमा पनि जति पनि माननीयज्यूले कुरा राख्नुभा' छ । हइन हाम्रो क्यारे काम सुरुआत हुने कामको अन्त्य नहुने एउटै ठेकेदारले धेरै ठेक्का पाउने, त्यसपछि लो बिडिङमा ठेक्का हुने कामको गुणस्तर कायम नहुने कुनै पनि पूर्वधार निर्माण हुने त्यो छोटो समयमा त्यो भत्किने त्यो अगाडि बढ्न नसक्ने, थुप्रै कुराहरू जुन राख्नुभा' छ । म माननीय सदस्यहरूज्यूलाई आग्रह गर्न चाहन्छु । क्याबिनेटमा पनि यो विषयमा गम्भीरतापूर्वक छलफल भ'को छ र हामीले हाम्रो सार्वजनिक खरिद ऐनमा जे समस्याहरू छन् । सार्वजनिक खरिद ऐनलाई हामीले यसलाई संशोधन गर्नुपर्छ परिमार्जन गर्नुपर्छ भन्ने सरकारको तर्फबाट छलफल गरिरहेकै छौँ र मलाई पनि के लाग्छ भने सार्वजनिक खरिद ऐनका कारणले पनि कतिपय कारण त अब यसमा हामी कति ध्यान दिन सक्यौँ सकेनौँ । विगतदेखिकै सरकारका आजसम्मका सरकारका सीमा कमी कमजोरी पनि होलान् तर पनि के हो भने हाम्रो सार्वजनिक खरिद ऐनमा भ'का समस्याका कारणले गर्दाखेरिमा पनि कैयन कुराहरू त्यस्ता खालका भ'का छन् । हैन एउटै ठेकेदारलाई कति ठेक्का दिन हुने नहुने अर्थात् त्यसको बिडिङको गर्ने व्यवस्था के बनाउने हो साँच्चिकै लो बिडिङ भन्ने अनि त्यसपछि हामी सबभन्दा कमवालालाई दिने र त्यो फेरि काम गुणस्तर नहुने भन्ने जुन अवस्था छ । यो विषयलाई चाहिँ हामीले गम्भीरतापूर्वकै ध्यान दिनुपर्छ भन्ने नै लाग्छ मलाई ।

र त्यस्तै गरेर यो अहिले माननीयज्यूहरूले जुन एउटा यो पशुपति क्षेत्र विकास कोषको विषयमा पनि कुरा उठाउनुभा' छ । पशुपति विकास कोषको सन्दर्भमा अहिले जुन समितिले दिएको जुन निर्देशन हो । पशुपति क्षेत्र विकास कोषलाई पारदर्शी एवम् व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि यथाशीघ्र पशुपति क्षेत्र विकास कोषको गुरुयोजना तयार गर्न मन्त्रालय र पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिएको भन्ने छ र यसमा अहिले पशुपति क्षेत्र विकास कोषको यो विषयमा यस आंशिक कार्यान्वयन रहको अवस्था छ । पशुपति क्षेत्रको गुरुयोजना

सञ्चालन परिषद्को मिति २०७९/०९/०८ को बैठकबाट स्वीकृत भएको छ गुरुयोजना । स्वीकृत गुरुयोजनाअनुरूप पशुपति क्षेत्रभित्र विभिन्न मन्दिर धर्मशाला निर्माण बसपार्क व्यवस्थित गर्ने, शौचालय निर्माण गर्ने, बगैंचा फूल, पसल आदि व्यवस्थित गर्न मन्त्रालयले निर्देशन दिइसकेको र सोको कार्ययोजनासमेत तयार भ'को भन्ने रिपोर्ट छ । र यसैअनुसार नै हामीले यसलाई अगाडि बढाएका छौं र यो क्षेत्रमा हामीले विभिन्न ढङ्गले यसलाई पशुपति क्षेत्र विकासलाई पारदर्शी र व्यवस्थित ढङ्गले अगाडि बढाउने गरेर मन्त्रालयले तयारी गरिरहेको कुरामा माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु ।

र बढी गम्भीरतापूर्वक यहाँ निजगढ विमानस्थलको कुरा पनि उठेको छ । अन्तर्राष्ट्रिय विमानस्थलको यस विषयमा भइरहेका कुराहरू हामी सबैलाई थाहा छ । हाम्रो न्यायालयको कुरा, संसदको कुरा, सरकारको कुरा, हामी सबैले बुझेकै छौं । र अहिले यसको पछिल्लो अवस्था साँच्चिकै कार्यान्वयन नभ'को अवस्था हो र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलका सम्बन्धमा संसदबाट भएको निर्देशन तथा सर्वोच्च अदालतको निर्देशनसमेतका आधारमा विज्ञ टोली गठन गरी प्रतिवेदन प्राप्त भएको छ सो प्रतिवेदनमा वातावरणमा न्यून क्षतिको रणनीतिअनुसार चरणबद्ध रूपमा विमानस्थल निर्माण गर्ने टाँगिया बस्ती उपयुक्त स्थानमा स्थानान्तरण गर्ने विमानस्थल निर्माणको क्रममा पहिलो चरणमा करिब करिब ६ लाख मात्रै रुख काटिने र सोको सट्टा तोकिएको उपयुक्त स्थानमा वृक्षरोपण गर्ने गरी सुझाव प्राप्त भएको छ । सोअन्तर्राष्ट्रिय विमानस्थल निर्माणको उपयुक्त मोडालिटी तयार गर्ने सम्बन्धमा छलफल भइरहेको छ । विमानस्थल निर्माणको क्रममा चुरे क्षेत्रको संरक्षण वातावरण संरक्षण स्थानीय बस्तीलाई रोजगारी दिने विषयमा सम्मानित सदनको निर्देशन पालना गर्ने नै छ सरकारले । र यो पालना गर्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु र सरकारले यसको पालना गर्छ ।

त्यसै गरेर हामीले यो जुन अघि पनि हाम्रो यो फास्ट ट्र्याकका कुराहरू पनि उठेका छन् । अरू हाम्रा राष्ट्रिय गौरवका आयोजनाहरू कर्णालीका कुराहरू थुप्रै कुराहरूमा माननीयज्यूहरूले उठाउनुभा' छ । राष्ट्रिय गौरवका आयोजना व्यवस्थापन गर्ने त्यस्ता आयोजनाको एउटा सफलतापूर्वक कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहले सहयोग गर्ने भन्ने कुराहरू पनि छन् । र यी सबै कुराहरूमा आयोजना कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहहरूमा समन्वय र सहजीकरणका समितिहरू बनाइएका छन् । र त्यो स्थानीय तह र प्रदेशसँगै एउटा समन्वय र सहजीकरण गरेर हामीले यसलाई अगाडि बढाउने छौं । म यो कुरा राख्न चाहन्छु ।

र अर्को हामीले एउटा नीतिगत तथा प्रविधि पक्षमा देखेका समस्याहरू तत्काल समाधान गरी राष्ट्रिय गौरवका आयोजना निर्बाध सञ्चालन वातावरण सिर्जना गर्न राष्ट्रिय गौरवका आयोजनासम्बन्धी उच्चस्तरीय निर्देशन समिति गठन गर्न नेपाल सरकारलाई निर्देशन दिने भन्ने समितिको निर्देशन प्रधानमन्त्री र मन्त्रिपरिषद् कार्यालयले प्राप्त गरेको थियो । र यो आंशिक कार्यान्वयन भएको अवस्था छ । मन्त्रालयस्तरीय विकासमा समस्या समाधान समिति (एमडयाक) र राष्ट्रिय विकास समस्या समाधान समिति (एनडयाकमा) छलफल गरी सहजीकरण गर्ने गरिएको छ । विकास आयोजना सञ्चालनसम्बन्धी कानुन मस्यौदाको चरणमा छ । आवश्यकताअनुसार मुख्यसचिव तथा आर्थिक तथा पूर्वाधार क्षेत्रका सचिव प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको संयोजकत्वमा आयोजना सहजीकरण समिति गठन भई देखिएका समस्या समाधानका लागि समन्वय गरिने कार्यहरू पनि नियमित रूपमा गरिएको छ । त्यसकारण यो सबै राष्ट्रिय जुन हाम्रा गौरवका आयोजनाहरू छन् । राष्ट्रिय गौरवका आयोजनाहरूका विषयमा भइराखेका कामहरूका विषयमा मैले यिनै उल्लेख गरें ।

र अगि माननीयज्यूहरूले भन्नुभा' छ । राष्ट्रिय गौरवका आयोजना भन्ने, घोषणा गर्ने तर त्यसको अब जग्गा प्राप्तिका कुराहरू पनि नहुने त्यसो हुँदाखेरिमा यसलाई कसरी सोच्ने राष्ट्रिय गौरवको आयोजनाका विषयमा भनेर माननीयज्यूहरूले कुरा उठाउनुभा' छ र मलाई यसमा के लाग्छ भने हामी सरकार भनेर निरन्तर उत्तराधिकार संस्था हो । सरकार उत्तराधिकार संस्था भइसकेको हुनाले अगिल्लो सरकारले गरेका कामहरू पछिल्लो सरकारले अगाडि बढाउनुपर्ने उसको दायित्व हुन्छ । कर्तव्य हुन्छ । त्यसलाई अगाडि बढाउनुपर्ने नै हुन्छ । र कैयन कुराहरू अझ अझ बढी यसलाई व्यवस्थित ढङ्गले पनि अगाडि बढाउनुपर्ने हुन्छ । यसकारणले गर्दाखेरिमा त्यो विषयमा हामी गम्भीरतापूर्वक सोचौं छलफल गरौं । र हामीले जो जति पनि घोषणा गरेका कार्यक्रमहरू छन् । ती घोषणा गरेका कार्यक्रमहरूलाई चाहिँ हामीले अगाडि बढाउने सन्दर्भमा सरकारले सधैं नै सकारात्मक रूपले लिएको छ । र यो हामीले जसरी विभिन्न ढङ्गले माननीयज्यूहरूले एउटा जलविद्युत् क्षेत्रको पनि कुरा उठाउनुभा'को छ र त्यो जलविद्युत्को क्षेत्रमा अघि माननीयज्यूहरूले माननीय कमला पन्थले उठाउनुभो' बुढीगण्डकी जलविद्युत्को सन्दर्भमा अरू माननीयज्यूहरूले पनि उठाउनुभो' र यस विषयमा चाहिँ अब हाम्रो यो बुढीगण्डकी १२०० मेगावाट क्षमतामा निर्माणका लागि विभिन्न मोडेलमा छलफल भए । निर्माण भए तापनि उल्लेखित प्रगति हुन नसकेकोले नेपाल सरकारले तीनै निकायको लगानी हुने गरी एउटा कम्पनी स्थापना भइसकेको छ र कम्पनीबाट लगानी जुटाएर कार्यान्वयन अगाडि बढाउने भन्ने छ । र हाम्रो एउटा जल स्रोत क्षेत्रको र यो एउटा विद्युत् क्षेत्रको असाध्यै राम्रो एउटा बुढीगण्डकी

जलविद्युत् आयोजना छ । यसको जलविद्युत् आयोजनालाई अगाडि बढाउने भन्ने सन्दर्भमा ऊर्जा तथा जल स्रोत सिँचाइ मन्त्रालयलाई जसरी हाम्रो समितिले निर्देशन गरेको थियो । त्यो समितिको निर्देशनलाई सरकारले पालना गर्ने छ । र पालना गरेर अगाडि बढ्ने कुराहरू पनि यहाँ सरकारले राखेकै छ । र हामीले यहाँ मोटामोटी रूपमा माननीय सदस्यहरूले जसरी कुराहरू उठाउनुभा'को ती उठाएका कुराहरूमा सरकारको एउटा सहमति नै छ । र यहाँ माननीयहरूले उठाउनुभएका कुराहरूमा यहाँ जसरी एउटा काम अगाडि बढाउने भन्ने सन्दर्भमा पनि नउठाउने एउटा फास्ट ट्र्याकको विषयदेखि लिएर सबै विषयमा जसरी भन्नुभो' माननीयज्यूहरूले ती विषयहरूमा साँच्चि नै एउटा सरकारका जुन ढङ्गले एउटा गम्भीरतापूर्वक ध्यान आकर्षण भएको छ भन्ने कुरा पनि राख्न चाहन्छु ।

र अर्को कुराः यो प्रहरी समायोजनाको कुरा नहुँदा एउटा संघीयतासम्बन्धी कानुन नबन्दा जसरी एउटा प्रदेश र केन्द्र र तीनै तहको समन्वयमा जुन समसया परिरहेको भन्ने विषय माननीयज्यूहरूले उठाउनुभ'को छ । यो सबै विषय पनि हामीले के त भन्दाखेरिमा अहिले सरकारको उच्च प्राथमिकतामा संघीयता कार्यान्वयनसम्बन्धी कानुनहरू बनाउने भन्ने कुरा सरकारको उच्च प्राथमिकतामा छ र त्यो उच्च प्राथमिकतामा भ'को कानुनलाई सरकारले अगाडि बढाउने गरी सोचिरहेकै छ । र जहाँसम्म मलाई के लाग्छ भने हामी हो लामो समयसम्म हामीले एउटा केन्द्रीकृत अभ्यास गर्यौं त्यो केन्द्रीकृत शासन सत्तामा हामी बस्यौं त्यो कारणले गर्दाखेरिमा पनि अब हाम्रा कतिपय केन्द्रीकृत मानसिकता होलान् । तर मलाई के लाग्छ भने हामी गर्ने कुरा कसरी हो भन्दाखेरि हामी कानुनमा टेकेर हो हामीले यसलाई हाम्रो संविधान टेकेर हो । संविधानले तीनै तहका अधिकारका सूचीहरूलाई सूचीबद्ध गरेको छ । साझा अधिकारका सूचीहरूको पनि सूचीबद्ध भ'को छ । एउटा हाम्रो एकल अधिकारका सूचीहरू पनि सूचीबद्ध भ'का छन् । त्यसकारण आआफ्ना अधिकार क्षेत्रमा बसेर यसलाई सम्पादान गरेर जाने कुरा हो र कैयन कानुनहरू नबन्दाखेरिमा हामीले भोगेका हौं हिजो ।

हाम्रो स्थानीय तहको निर्वाचन भयो तर स्थानीय तहको निर्वाचन हुँदासम्म पनि हाम्रो स्थानीय सरकार सञ्चालन ऐन बनेको थिएन । त्यसकारणले हामीले स्थानीय तहको निर्वाचनपछाडि स्थानीय सरकार सञ्चालन ऐन बनायौं र स्थानीय तह सरकार सञ्चालन ऐन बनाइरहँदाखेरिमा अगि माननीय खिमलाल देवकोटाज्यूले पनि उठाउनुभो' र त्यहाँ कतिपय विषयहरू छन् अन्तरसमन्वय एउटा समितिहरूको त्यहाँ परिकल्पना गरिएको छ । तिनै कुराहरू अझै पनि बन्न सकेका छैनन् र यसलाई पनि कानुन बनाएर अघि बढ्ने भन्ने कुरामा हाम्रो सरकारले यसलाई गम्भीरतापूर्वक लिन्छ ।

र प्रहरी समायोजनको कुरा पनि प्रहरी समायोजनाको ऐन बनेको हो । प्रहरी समायोजन ऐन बनिसकेपछाडि पनि त्यसको एउटा जुन व्यवस्थित कार्यान्वयन हुनुपर्थ्यो । व्यवस्थित कार्यान्वयन हुन सकेको छैन । व्यवस्थित कार्यान्वयन गर्नको निम्ति सरकारले तीनै तहका सरकारसँग समन्वय गरेर अगाडि बढ्ने विषय पनि म यहाँ राख्न चाहन्छु । र माननीयज्यूहरूले कोभिडको अहिले फेरि बढिराखेको अवस्था पनि छ । हिजो एउटा कोभिडको अवस्थामा एउटा खालको स्थिति बन्यो । र अहिले कोभिडको अवस्थामा सरकार के गर्दै छ भनेर पनि सोध्नुभा' छ । र यसमा एउटा सङ्क्रामक रोगसम्बन्धी एउटा कानुनको पनि एउटा तर्जुमा भइरहेको अवस्था पनि छ र अहिले हामीले अब बढ्दै गरेको कोभिडलाई नियन्त्रण गर्ने, समयमै यसलाई उपचारमा सहजीकरण गर्ने गरेर एउटा तयारी भइरहेको अवस्था छ । त्यसकारणले गर्दाखेरिमा अहिले एउटा जसरी हामीले पहिले जुन खालले अप्ठ्यारो स्थितिको सामना गर्नुपर्यो अबका दिनमा त्यो अप्ठ्यारो स्थितिको सामना कोभिडकै कारणले हुने समस्या गर्नुपर्ने छैन र कोभिडलगायतका कतिपय अब अरू पनि चिजहरू छन् । अरू पनि रोगहरू हुन सक्छन् । अरू पनि आउन सक्छन् । ती सबै एउटा सङ्क्रामक रोग महामारीका सन्दर्भमा सरकारले एउटा विशेष नीति बनाएर एउटा आकस्मिक सेवा जस्तो एउटा व्यवस्था गरेर अगाडि बढ्ने भन्ने विषयमा छलफल भइराखेकै छ । र यो विषयमा हामीले एउटा सरकारको तर्फबाट गम्भीरतापूर्वक छलफल गरिरहेको कुराहरू म माननीयज्यूहरूलाई आग्रह गर्न चाहन्छु ।

र यहाँ अब थुप्रै कुरामा एउटा जुन ढङ्गले माननीयज्यूले सुझाव दिनुभा' छ त्यो सुझावका सन्दर्भमा म माननीयज्यूहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु र हामीले अहिले आएको जति पनि विषयहरू छन् । मोटामोटी यिनी विषयहरू हुन् जस्तो मलाई लाग्या छ । र ठेक्कामा पारदर्शिताको कुराहरू पनि उठेको छ, अरू अब पूर्वाधार पुराना भई आयोजनामा पैसा नहाल्ने हो कि भन्ने सुझावहरू पनि छन् । त्यसपछि हाम्रा ऐन कानुनका कुराहरू देखेर, हाम्रा राष्ट्रिय गौरवका आयोजनाहरू पनि छन् । ती सबै विषयमा म माननीयज्यूहरूसँग के आग्रह गर्न चाहन्छु भने जति पनि कुराहरू छन् । यहाँ कतिपय प्रश्नका रूपमा उठेका भए तापनि यी सरकारलाई सुझावका रूपमा यहाँ आएका छन् । त्यसकारण म यहाँहरूलाई धन्यवाद दिन चाहन्छु ।

र तपाईं हामी छलफल गरेर हामीअगाडि एउटा संसद सरकारको निगरानी गर्ने थलो पनि हो त्यसकारणले हामीले यहाँ छलफल गरिसकेपश्चात् हामीले सरकारलाई त्यहीअनुसार निर्देशन दिने क्रममा हामीले त्यसलाई पालना गरेर जाने नै छौं र कुनै एउटा समितिका जस्तो हाम्रो संसद र सरकारको जुन अन्तरसम्बन्ध छ । समिति र सरकारको अन्तरसम्बन्धलाई जोड्ने एउटा मसिनो गरेर व्यवस्थित काम समितिबाट गर्न सकिन्छ । म एउटा समितिमा काम

गर्दाखेरि एउटा सक्रिय सदस्य हुनुको नाताले पनि कैयन बेलामा समितिले गरेका निर्देशनहरू परिपालना नहुने र त्यसको कुनै रेस्पोन्स पनि नहुने अवस्था हामीले त्यति बेला भोगेको पनि हौं तर म अहिले के आग्रह गर्न चाहन्छु भने समितिले गरेका निर्देशनहरू सरकारले त्यसलाई गम्भीरतापूर्वक लिने छ र अहिले जसरी माननीयज्यूहरूले यहाँ कुरा उठाउनुभा'को छ । हैन यो थाहा पा'को जस्तो पनि हुने, थाहा नपा'को जस्तो पनि हुने समितिले निर्देशन गरिराख्ने तर सरकारले त्यसको फेरि कुनै वास्था त्यसको कुनै रेस्पोन्स नगर्ने भन्ने जुन विषयहरू छन् । तिनी विषयहरूमा पनि हामीले व्यवस्थित ढङ्गले त्यसलाई लिने छौं । सरकारको तर्फबाट अब एउटा सम्माननीय प्रधानमन्त्रीज्यूकै तर्फबाट पनि म यहाँहरूलाई त्यो राख्न भन्न चाहन्छु । र हामीले अलि बढीभन्दा बढी जुन ढङ्गले हाम्रो अहिले प्रतिवेदनको एउटा समितिले २०७५/०४/२२ देखि ०७८/०३/३१ सम्म तीनओटा वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारका पन्ध्रओटा मन्त्रालय सातओटा अन्य संवैधानिक आयोग तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई कर्मचारी समायोजन राज्यका तीनै तहका बिच कानुन निर्माण बजेट आयोजनामा समन्वय र सहकार्य राष्ट्रिय गौरवका आयोजना पिछडिएको क्षेत्र कोभिड- १९ सङ्क्रमण रोकथाम प्राकृतिक प्रकोप अन्य संवैधानिक आयोग पुनर्निर्माणलगायतका विषयमा महत्त्वपूर्ण निर्देशन जुन दिएको छ । त्यो सबै दिएको निर्देशनलाई समितिले उपरोक्त विषयहरूमा आजको बैठक जसरी माननीय सदस्यहरूले व्यक्त गर्नुभो' र दिएका जुन निर्देशनहरू छन् । त्यो निर्देशनमा यो सबै ढङ्गले हामीले यसलाई सकारात्मक रूपमा लिने छौं र हामी सबैलाई कार्यक्रम बनाएर एउटा उत्तरदायी सरकारले यसलाई बढी जिम्मेवारी तथा नागरिक र संसदप्रति । एउटा संसदप्रति उत्तरदायी हुनु भनेको सरकार साँच्चिकै नागरिकप्रति पनि उत्तरदायी हुनु हो किनभने हामी जनताका प्रतिनिधि हौं । जनताका प्रतिनिधिहरूले संसदमा उठाएका कुराहरूलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ भन्ने कुरामा मेरो पूर्ण सहमति छ । नेपाल सरकारको तर्फबाट यसमा पूर्ण सहमति जनाउन चाहन्छु । र एउटा कानुन बनाउने बेलामा बजेट बनाउने बेलामा यसलाई समन्वय बनाउने बेलामा यसलाई विशेष ध्यान दिइने छ । कैयन कुराहरू बजेटका चुनौतीहरू पनि होलान् समस्याहरू पनि छन् । सीमा पनि छन् र तर पनि फेरि के हो त भने समितिले निर्देशन दिएका विषय अत्यन्तै संवेदनशील छन् । संघीयताको सफलीभूत कार्यान्वयनको लागि उठान भएका विषय पनि भएको हुनाले उपरोक्त विषयको कार्यान्वयनको नगर्नुको कुनै विकल्प सरकारसँग छैन ।

त्यसकारणले गर्दाखेरिमा आफ्नो सीमा समस्याका बाबजुत पनि सरकारले समितिले दिएका जुन एउटा अत्यन्तै महत्त्वपूर्ण संघीयताको कार्यान्वयन गर्ने एउटा विभिन्न सङ्क्रामण रोगको

रोकथाम गर्ने । एउटा यससम्बन्धी अत्यावश्यक कानुनहरू, बनाउने संघीय निजामती सेवा ऐनदेखि लिएर अन्य कानुनहरू पनि बनाउने राष्ट्रिय गौरवका आयोजनाहरूलाई व्यवस्थित ढङ्गले अगाडि बढाइयोस् र हाम्रो एउटा सार्वजनिक खरिद ऐनमा अथवा हाम्रो यो ठेक्का प्रणालीमा भएका समस्याहरू पनि समाधान गरियोस् भन्ने विषयमा जुन विविध ढङ्गबाट महत्त्वपूर्ण विषयमा जसरी कुराहरू यहाँ माननीयज्यूहरूले राख्नुभो' ती सबै कुराहरूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसलाई सरकारले अत्यन्तै सकारात्मक रूपमा लिएको छ भन्ने कुरा पनि राख्न चाहन्छु । र बाँकी छलफल हामी तपाईं हामी सबै एकै ठाउँमा हौं र समितिकै प्रतिवेदनमा उल्लेख भएअनुसार एउटा कार्यान्वयन भएको भनेर ५४ ओटा निर्देशनहरू रैछ । आंशिक कार्यान्वयन भएको भनेर ७० ओटा व्यवस्थित गर्नुभा' रैछ र कार्यान्वयन नभएको भन्ने १६ ओटा रैछ । आंशिक कार्यान्वयन भएकोलाई पूर्ण कार्यान्वयनमा लैजाने कार्यान्वयन नभएकोलाई कार्यान्वयनको प्रक्रियामा अगाडि बढाउने र कार्यान्वयन भएकोलाई दृढतापूर्वक अगाडि बढाउने विषयमा म सरकारकै तर्फबाट प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु र अहिले मैले छोटोमा सङ्क्षिप्तमा यिनै कुराहरू राखेर माननीयज्यूहरूसँग बिदा पनि हुन्छु र सँगसँगै के पनि भन्न चाहन्छु भने त्यस्ता खालका छलफल अझ यसलाई व्यवस्थित गरौं । अरू समितिहरूका छलफल पनि गरौं र अझ विभागीय अलग अलग मन्त्रीहरूसँग पनि त्यो समय मिलाएर छलफल गर्न सकियो भने अझ जीवन्त पनि हुने छ भन्ने सुझाव पनि राख्न चाहन्छु । यही सुझाव राख्दै माननीयज्यू सबैप्रति आभार व्यक्त गर्दै मेरा भनाइ यही टुङ्ग्याउँछु । धन्यवाद । नमस्कार ।

**(१४:४३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाका पूर्वसदस्य तेजमान तुम्वाहाम्फेको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु ।

विक्रम संवत् १९८१ सालमा जन्मनुभएका पूर्वसांसद तेजमान तुम्वाहाम्फेको मिति २०७९ साल चैत्र २४ गते सन्तानब्बे वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय तेजमान तुम्वाहाम्फे २०१५ सालको प्रतिनिधि सभाको आम निर्वाचनमा निर्वाचन क्षेत्र नम्बर २६ धनकुटाबाट नेपाली काँग्रेस पार्टीको तर्फबाट निर्वाचित

सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय तेजमान तुम्वाहाम्फेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्ति गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाका पूर्वसदस्य तेजमान तुम्वाहाम्फेको निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौनधारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल वैशाख ५ गते मङ्गलवार अपराह्न २ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल वैशाख ५ गते मङ्गलवार अपराह्न २ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १४:४६ बजे ।**